# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ७१ | काठमाडौं | मंगलबार, १८ असार २०८१ | Prabhab National Daily | Tuesday, July 02, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# ३२ सय किलो सुन तस्करी !



सुन तस्करीको आरोपमा समातिएकाहरूबाट प्रहरीले बरामद गरेको सामग्री । *तस्बिर: रासस*

- पाँचवटा नक्कली कम्पनी खडा गरी ३२ सय किलो बढी सुन तस्करी
- सुनको मूल्य ३० अर्ब ८२ करोड २२ लाख ९१ हजार २७२ रूपैयाँ
- नेपाल, भारत र चीनका नागरिक पक्राउ

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** तस्करहरूले पाँचवटा नक्कली कम्पनी खडा गरेर करिब ३२ सय किलो सुन तस्करी गरेको पाइएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले जनाएको छ ।

सिआइबीका अनुसार भुजेल इलेक्ट्रिक सप्लायर्स प्रालिबाट एक हजार ३०३.९६५ किलो, ह्वाडा इलेक्ट्रिक सप्लायर्स प्रालिबाट ६३२.७९५ किलो, चुंगाक इलेक्ट्रिक सप्लायर्स प्रालिबाट ७१६.८३ किलो, दोलखा इलेक्ट्रिक सप्लायर्स प्रालिबाट १७०.८ र रेडी ट्रेड प्रालिबाट ७.५ किलो सुन पैठारी भएको पाइएको हो । सिआइबीले सुन तस्करी गर्नकै लागि यी कम्पनी खोलिएको र सामानभित्र लुकाएर सुन ल्याएको दाबी गरेको छ ।

सोमबार आयोजित पत्रकार सम्मेलनमा ब्युरोका प्रहरी नायब उपरीक्षक (डिएसपी) सुन्दर तिवारीले कम्पनीमार्फत कूल दुई हजार ८३१.८९ किलो सुन र कूल मूल्य २७ अर्ब ३२ करोड २० लाख ७४ हजार रूपैयाँ हुन जाने बताए । ब्रेक सुमा लुकाइछिपाइ ल्याइएको अवैध सुन ३६२.७७८ किलो, इलेक्ट्रोनिक मालवस्तुमा लुकाइछिपाइ ल्याएको अवैध सुन दुई हजार ८३१.८९ किलो गरी कूल अवैध सुन तीन हजार १९४.६६८ किलो तस्करी भएको डिएसपी तिवारीले बताए ।

जसको मूल्य ३० अर्ब ८२ करोड २२ लाख ९१ हजार रूपैयाँ बराबर रहेको उनले बताए । सिआइबीले अवैध सुन खरिद गर्ने, गाल्ने, पगाल्ने तथा बिक्री वितरणमा संलग्न भारतको महाराष्ट्रका २० वर्षीय सिद्धनाथ अशोक, सोही स्थानका वर्ष २१ का धिरजदिनेश भोइटे, सोही स्थानका वर्ष २१ कै प्रशान्त गणेश बजबलकर, स्थायी ठेगाना चीन सिचुआन प्रदेश छेदुङ भइ हाल काठमाडौं बस्ने वर्ष ४१ का राजु भोटो तथा कुंगा टासी भन्ने गेंगा जाक्छी र काभ्रेपलाञ्चोकका वर्ष ४४ का थर्कमान तामाङ भन्ने कान्छा लामालाई पक्राउ गरेको छ ।

पर्साको वीरगञ्ज महानगरपालिका १६ का वर्ष ५३ का सुरेन्द्रमान श्रेष्ठ, भक्तपुरका वर्ष ३९ का राजु खत्री र धादिङका राजु थापा भन्ने प्रेमनाथ सेढाईं, भारतको गुजरातका वर्ष ६१ का बैजनाथ ब्रह्मदत्त गोयल, चीन तिब्बत स्थायी घर भई भारतमा तिब्बतीयन शरणार्थीको रूपमा रही हाल बौद्ध बस्ने वर्ष ३६ का सोनाम गुरुङ भन्ने सेराव ग्याल्मो, चितवनका वर्ष ४३ का एनजे भन्ने मनोजकाजी श्रेष्ठ, काभ्रेपलाञ्चोक भुम्लु-१ का वर्ष २२ का रूपक भण्डारी पनि पक्राउ परेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

# सत्ता परिवर्तनको कसरत

## ओलीलाई प्रधानमन्त्री बन्न कांग्रेसको 'अफर'

■ **जेबी योञ्जन**

**काठमाडौं-** सत्तारुढ दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र प्रमुख विपक्षी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच शनिबार बालकोटमा भएको भेटपछि राजनीतिमा उथलपुथल हुने देखिएको छ । स्रोतको दाबीअनुसार कांग्रेस-एमालेको सरकार यही साताभित्र गठन हुने छ ।

विकसित राजनीतिक घटनाक्रमलाई लिएर नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालसमेत झस्किएका छन् । उनले सोमबार दिउँसो एमाले अध्यक्ष ओलीसँग प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा लामो समय छलफल गरे । आइतबार पनि दुई नेताबीच छलफल भएको थियो ।

नेताहरूको बाक्लो भेटघाट र संवादले पनि राजनीतिक कोर्श परिवर्तन हुन लागेको अड्कलवाजी हुन थालेको छ । उसो त ओली-देउवाबीच बालकोट भेटवार्ताको स्पष्ट विवरणहरू बाहिर आइसकेका छैनन् । तर पनि दुवै दलका नेताहरूले देउवाबाट ओलीलाई प्रधानमन्त्रीको प्रस्ताव गएको कुरा लुकाएका छैनन् । यसले गर्दा अब राजनीतिक कोर्श कसरी अगाडि बढ्छ ? ओलीको कदममा निर्भर रहने भएको छ । अर्को शब्दमा भन्दा बल अब ओलीको 'कोर्ट'मा आइपुगेको छ ।

तर, दुई दिनसम्म चलेको शीर्ष नेतृत्व तहमा भएको संवादपछि प्रधानमन्त्री दाहाल सरकार नढल्नेमा ढुक्कजस्तै देखिएका छन् । स्रोतका अनुसार ओलीसँगको छलफलमा मन्त्रीहरू हेरफेर गर्ने, एमालेलाई परराष्ट्र मन्त्रालय दिने, धितोपत्र बोर्डको अध्यक्षमा ओलीले चाहेको व्यक्ति नियुक्त गर्ने, शान्ति प्रक्रिया टुंग्याउनेलगायत सहमति भएको छ ।

जबकि, पहिलो डेढ वर्ष ओली र त्यसपछिको डेढ वर्ष कांग्रेस सभापति देउवा प्रधानमन्त्री बन्नेगरी अनौपचारिक सहमति भएको विवरण सार्वजनिक भइसकेको छ । तर, ओलीले प्रधानमन्त्री बन्ने कुरालाई अस्वीकृत गरेका छन् ।



सोमबार बालुवाटारस्थित प्रधानमन्त्रीनिवासमा प्रधानमन्त्री पुष्पकमल दाहाल र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच भएको छलफल । *तस्बिर: रासस*

- कांग्रेस-एमालेको सरकार यही साताभित्र गठन हुने स्रोतको दाबी
- एमाले अध्यक्ष ओलीलाई प्रधानमन्त्री बन्न कांग्रेसको प्रस्ताव
- ओली भन्छन्- यस वर्ष प्रधानमन्त्री बन्छु जस्तो लाग्दैन
- प्रधानमन्त्री दाहालको 'ब्रिफिङ'- हल्लामा सत्यता छैन, यही गठबन्धनले लामो समयसम्म निरन्तरता पाउँछ

> कांग्रेस सत्तामा जानुपर्छ र नेतृत्व गर्नुपर्छ भन्ने अनौठो कुरा भएन । नेतृत्व तहले विभिन्न दलहरूसँग छलफल गरिरहेको छ । राष्ट्रिय मुद्दामा पनि छलफल भइरहेको छ । हाम्रो लागि मुद्दा ठूलो कुरा हो । सत्ता ठूलो होइन ।
>
> ■ **डा. प्रकाशशरण महत**
> **प्रवक्ता, नेपाली कांग्रेस**

सोमबार सञ्चारकर्मीले यसबारे राखेको प्रश्नमा ओलीले यस वर्ष आफू प्रधानमन्त्री बन्छु जस्तो नलागेको भन्दै पन्छिए । उनले भने, 'यो वर्ष प्रधानमन्त्री बन्छु जस्तो लाग्दैन ।'

प्रधानमन्त्री दाहालले पनि कांग्रेस-एमालेको सत्ता गठबन्धन बनेको चर्चा सत्य नभएको बताएका छन् । ओलीसँग सोमबार छलफल सकिएपछि बसेको मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री दाहालले एमालेसँग लामो सहकार्य हुने र यो सरकार पनि लामै समय चल्ने 'ब्रिफिङ' गरेका छन् । सत्ता समीकरण फेरिन लागेको भन्दै बाहिर चलेको हल्लामा सत्यता नरहेको उनको भनाइ छ ।

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले पनि सत्ता समीकरण फेरबदल हुने कुरा हल्लामात्रै भएको बताए । सोमबार नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै गृहमन्त्री लामिछानेले सत्ता समीकरण फेरबदल हुन लागेकोबारे आफूलाई कुनै जानकारी नभएको बताए ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

श्रममन्त्री अर्यालको दाबी-

# म्यानपावरले गैरबैंकिङ च्यानलबाट खर्बौं रकम उठाएको देखियो

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले म्यानपावर कम्पनीहरूले गैरबैंकिङ च्यानलबाट वार्षिक खर्बौं संकलन गरेको तथ्य प्राप्त भएको दाबी गरेका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३२औं स्थापना दिवस तथा ३०औं वार्षिक साधारणसभाको सोमबार उद्घाटन गर्ने क्रममा मन्त्री अर्यालले यस्तो बताएका हुन् ।

म्यानपावर व्यवसायीले हरेक वर्ष दुई खर्ब एक अर्ब ६० करोड रूपैयाँ गैरबैंकिङ च्यानलबाट उठाउने गरेको आफ्नो अध्ययनले देखाएको मन्त्री अर्यालले बताए । उल्लिखित रकम गैरबैंकिङ च्यानलबाट उठाउने भन्दै व्यवसायीहरूबाटै सार्वजनिक कार्यक्रममा अभिव्यक्ति दिँदै हिँड्ने गरेको उनको दाबी छ । 'वैदेशिक रोजगारीमा जाने नागरिकबाट म्यानपावरले गैरबैंकिङ च्यानलबाट रकम उठाइएको विषय अत्यन्त संवेदनशील कुरा हो,' उनले भने, 'यस्तो अवस्थामा न सरकार चुप लागेर बस्न सक्छ न तपाईं हामी नै चुप लाग्न सक्छौं !'

मन्त्री अर्यालले 'फ्रि भिसा, फ्रि टिकट' एउटा नाममात्र भयो भन्दै सुरुआती चरणदेखि अहिलेसम्म चार प्रतिशतभन्दा बढी कार्यान्वयन गर्न नसकेको व्यवसायी आफैले सार्वजनिक कार्यक्रममा भन्ने र स्वीकार्ने गरेको बताए । 'चार प्रतिशतलाई छोडेर ९६ प्रतिशतबाट कति रकम गैर बैंकिङ च्यानलबाट उठेछ भनेर अध्ययन गर्दा दुई खर्ब एक अर्ब ६० करोडको डेटा प्राप्त गर्‍यौं,' उनले भने । यसलाई बैंकिङ च्यानलमा ल्याउनुपर्दा कसरी ल्याउन सकिन्छ, कति ल्याउन सकिन्छ र यसको निराकरण के हुन सक्छ भनेर नीतिमा काम गरिरहेको मन्त्री अर्यालले बताए ।




'पहिला कसले के गर्‍यो गरेन भन्दा पनि अहिले के गर्ने भन्ने जिम्मेवारी मेरो नेतृत्वलाई आएको हुनाले खोजी र अध्ययनको कार्य भइरहेको छ, यसलाई केही न केही गर्नुपर्छ भन्ने तयारीमा मन्त्रालय पुगेको छ, तर यसमा व्यवसायीहरूको साथ र सहयोग चाहिन्छ,' मन्त्री अर्यालले भने । व्यवसायीले साथ दिए गैरबैंकिङ च्यानलबाट उठिरहेको रकमलाई बैंकिङ च्यानलबाट उठाउने व्यवस्था मिलाउन सके सरकारले अर्बौं राजस्व संकलन गर्ने उनको भनाइ छ ।

वैदेशिक रोजगारी संसारभर चलिरहने एउटा प्रक्रिया भएकाले यसलाई रोक्न चाहेर पनि रोक्न नसकिने र रोक्नुपर्ने आवश्यकता पनि नभएको मन्त्री अर्यालले बताए । 'नेपालको सन्दर्भमा वैदेशिक रोजगारी बाध्यात्मक भएकोले यसलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्छ भन्ने हाम्रो सरोकार हो,' उनले भने ।

भिजिट तथा व्यक्तिगत भिसाका कारण समस्या भयो भन्ने व्यवसायीको गुनासो आएको भन्दै मन्त्री अर्यालले यस्तो कार्यमा म्यानपावर व्यवसायीको नै संलग्नता भएकोप्रति मन्त्रालय जानकार रहेको बताए । 'हामीलाई थाहा छ व्यवसायी नै यस्तो खालको ठगीमा संलग्न छन्, त्यसैले एक पटक म सबैलाई यस्तो गतिविधि रोक्न आग्रह गर्छु, अन्यथा सरकारले गर्ने काम गरिहाल्छ, टुलुटुलु हेरेर बस्दैन,' उनले भने । भिजिट भिसा र व्यक्तिगत भिसाको नाममा ठगिने पनि नेपाली र ठग्ने पनि नेपाली नै रहेको भन्दै उनले गल्ती गर्नेलाई कानुनले नछोड्ने बताए । त्यसैले समयमा नै जिम्मेवार भएर वैदेशिक रोजगार क्षेत्रलाई मर्यादित, व्यवस्थित र पारदर्शी बनाउन व्यवसायी जिम्मेवार हुनुपर्ने उनको भनाइ छ ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगारीमा जाने नेपालीसँग न्यूनतम एक महिनाबराबरको सेवा शुल्क लिन पाउनुपर्ने, सरकारले सम्झौता गरेको क्षेत्रबाहेक इजरायल, जापान र कोरियाको रोजगारीमा व्यवसायीले पठाउन पाउनुपर्ने, भिजिट तथा व्यक्तिगत भिसामा पठाउन निरुत्साहित गर्नुपर्ने, एक आर्थिक वर्षमा १०० जना श्रमिक पठाउनैपर्ने बाध्यकारी व्यवस्थालाई पनि पुनरावलोकन गर्दै नवीकरणका लागि सहजीकरण गरिदिन श्रममन्त्री अर्यालसँग आग्रह गरे ।

(क्रमशः पृष्ठ २ मा)




# कोरोनाकालका होल्डिङ सेन्टरलाई विभिन्न क्षेत्रमा उपयोग गर्न सुझाव

**काठमाडौं (प्रस)**- रक्षामन्त्री हरिप्रसाद उप्रेतीलाई देशका विभिन्न सात स्थानमा निर्माण भई प्रयोगविहीन रहेका होल्डिङ सेन्टर सञ्चालन तथा व्यवस्थापनसम्बन्धी प्रतिवेदन बुझाइएको छ । प्रतिवेदनमा होल्डिङ सेन्टरमा सामुदायिक अस्पताल, सीप तथा तालिम, कृषिउपज बिक्री केन्द्र, निजी सहकारीलाई भाडामा उपलब्ध गराउन, विपद् उद्धार तथा आकस्मिक कार्यका लागि उपयोग गर्न सकिने सुझाव दिइएको छ ।

प्रतिवेदनमा लागु औषध दुर्व्यसनी उपचार तथा पुनःस्थापना, प्रादेशिक अस्पताल, सुरक्षा निकायको प्रयोजन, साना र मध्यमखाले उद्योग सञ्चालन गर्नेलगायत कार्यमा समेत उपयोग गर्न सकिने समितिको सुझाव छ । रक्षमन्त्री उप्रेतीले प्रतिवेदनमा समेटिएका महत्त्वपूर्ण सुझाव कार्यान्वयनका लागि सरोकार भएका र सार्वजनिक निकायसँग आवश्यक समन्वय तथा छलफल गरी अघि बढ्ने बताए । उनले होल्डिङ सेन्टरको दिगो र भरपर्दो उपयोग, व्यवस्थापन तथा सञ्चालनका लागि विश्लेषणपूर्वक सुझावसहित प्रतिवेदन पेस गरेकामा समितिलाई धन्यवाद ज्ञापन गरेको मन्त्रालयका प्रवक्ता मनोजकुमार आचार्यले बताए ।

कोरोना महामारीले नेपालमासमेत ठूलो जनधन क्षति पुगेको हुँदा बाह्य मुलुकबाट देशभित्र प्रवेश गर्ने कोरोना संक्रमितको व्यवस्थापन गर्न सरकारले नेपाली सेनाको व्यवस्थापनमा ती सेन्टर निर्माण गरेको थियो । त्यसबेला झापाको-तोपगाछी, मोरङ-याङसिला, पर्सा-श्रीपुर, कपिलवस्तु-कृष्णनगर, बाँके-नेपालगञ्ज, कैलाली-तेघरी र कञ्चनपुरको-भगतपुरमा होल्डिङ सेन्टर निर्माण गरिएका थिए । ती सेन्टरको हस्तान्तरण, व्यवस्थापन एवं बहुउपयोग, सञ्चालन र व्यवस्थापनका तरिका तथा अन्तरतह समन्वयलगायतका विषयमा अध्ययन गरी प्रतिवेदन पेस गर्न समिति गठन गरिएको थियो ।

रक्षा मन्त्रालय, योजना तथा अन्तर ाष्ट्रिय समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा गठित समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाली सेनाका प्रतिनिधि थिए । समितिले होल्डिङ सेन्टरको भौतिक अवस्था अनुगमन, सम्बन्धित प्रदेश एवं स्थानीय तह, सम्बन्धित निकायका पदाधिकारीसँग छलफल तथा परामर्श गरी रायसुझाव लिएको थियो ।

समितिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको समन्वयमा प्रदेश तथा स्थानीय तहका पदाधिकारीको रायसुझाव संकलनलगायत केही स्थानीय तहको सोसम्बन्धी प्रतिवेदनको अध्ययन/विश्लेषणसमेत गरेको थियो । निर्माण भएका होल्डिङ सेन्टरका संरचना जुनसुकै प्रयोजनका लागि प्रयोग गरिए पनि जग्गा तथा संरचनाको स्वामित्व संघीय सरकारमै रहनुपर्ने सुझाव प्राप्त भएको रक्षा मन्त्रालयले जनाएको छ ।

सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा तत्तत् प्रदेश र स्थानीय तहका प्रतिनिधिसमेत सदस्य रहेको होल्डिङ सेन्टर व्यवस्थापन तथा समन्वय समिति गठनगरी कार्यसर्त तोकी परिचालन गर्ने, होल्डिङ सेन्टरको दिगो सञ्चालनका लागि कोष व्यवस्था गर्नसमेत सुझाव दिइएको छ । कोष सञ्चालनको मोडालिटीलगायत विषय समावेश गरी गृह मन्त्रालयले कार्यविधि तयार गर्ने, हाल नेपाली सेनाले रेखदेख गरिरहेका संरचनाको मर्मतसम्भारलगायत दीर्घकालीन सञ्चालन तथा व्यवस्थापनको काम समितिले गर्नपर्ने सुझाव प्रतिवेदनमा समेटिएको छ ।

## पृष्ठ १ बाट क्रमशः

### ३२ सय...

सिआइबीले उनीहरूविरुद्ध भन्सार ऐन, २०६४, संगठित अपराध निवारण ऐन, २०७०, मुलुकी अपराध संहिता, २०७, नागरिकता ऐन, २०२०, राहदानी ऐन, २०२४ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ आकर्षित हुने जनाएको छ । अवैध सुन कारोबारमा प्रत्यक्ष संलग्न १२ जनाविरुद्ध दुई खर्ब ६६ अर्ब ६७ करोड नौ लाख नौ हजार रूपैयाँ बिगो मागदाबी गरिएको छ ।

भन्सार ऐन (अवैध सुन) तर्फ ३० अर्ब ८४ करोड १२ लाख २६ हजार रूपैयाँ, क्रिप्टो करेन्सीतर्फ एक खर्ब ४९ अर्ब ६८ करोड २८ लाख सात हजार रूपैयाँ, नेपाल राष्ट्र बैंक ऐनतर्फ ८६ अर्ब १४ करोड ६८ लाख ७४ हजार रूपैयाँ बिगो मागदाबी छ । त्यस्तै पेवेल नेपाल प्रालि ६१ अर्ब ५० करोड २७ लाख नौ हजार, सजिलो पे पेमेण्ट सर्भिसेज प्रालितर्फ १९ अर्ब ४६ करोड २५ लाख ७३ ७८५ र अन्य प्रतिवादीहरूबाट पाँच अर्ब १८ करोड १५ लाख ९१ हजार रूपैयाँ बिगो मागदाबी गरिएको छ ।

### सत्ता परिवर्तनको ...

उनले आफूले दुई जना नेताहरूसँग कुराकानी गरेको भन्दै त्यस्तो छनक नपाएको बताए । 'जे बाहिर सुनिएको छ त्यो हल्लामात्रै हो । त्यस्तो थाहा छैन । म पनि सरकारमै छु । सरकार गठबन्धनको एउटा पार्टनर नै हुँ । त्यस्तो केही पनि छैन । मेरो भर्खरै दुई जना नेतासँग कुरा पनि भयो,' लामिछानेले पत्रकारहरूसँग भने, 'कहिलेकाहीँ विभिन्न प्रक्रियाहरूमा केही असमझदारी हुँदाखेरी भेटघाट गर्ने कुरा भइरहन्छ । सामान्य भेटघाट नै हो । यसलाई कुनै त्यस्तो गम्भीरतापूर्वक लिनुपर्ने केही पनि छैन ।'

दाहालले मन्त्रीहरूलाई गरेको ब्रिफिङ, एमाले अध्यक्ष ओलीले पत्रकारलाई दिएको प्रतिक्रिया र गृहमन्त्री लामिछानेको सुन्दा दाहाल सरकार तत्काल तलमाथि भइहाल्छ भन्ने आधार देखिँदैन । तर, यता ओलीलाई प्रधानमन्त्री प्रस्ताव गरिसकेपछि गठबन्धन हेरफेर हुनेमा कांग्रेस सभापति देउवा भने आशावादी छन् । पदाधिकारी बैठकमा उनले सकारात्मक दिशामा ओलीसँगको कुराकानी अघि बढिरहेको 'ब्रिफिङ' गरेका छन् । कांग्रेस नेताहरूले पनि एमालेसँग मिलेर सरकार बनाउने कुरामा प्रगति भइरहेको प्रतिक्रिया दिएका छन् ।

यसैबीच ओलीसँग आइतबार र सोमबार पाँच घण्टा लामो वार्तापछि प्रधानमन्त्री दाहाल भने ढुक्क भएका छन् । ओलीले कांग्रेससँग मिलेर सरकार बनाउन एमाले तयार छैन भन्ने सन्देश दिएको प्रधानमन्त्री सचिवालयको दाबी छ । देउवा हौसिए पनि अथवा दाहाल ढुक्कजस्तै सुनिए पनि सरकार हेरफेरको चाबी भने ओलीको हातमा पुगेको छ ।

उनी कांग्रेसको प्रस्ताव स्वीकारेर प्रधानमन्त्री बन्छन् वा अहिलेकै गठबन्धनलाई निरन्तरता दिएर 'मिसन २०८४' मा लाग्छन्, त्यो हेर्न बाँकी छ । स्रोतका अनुसार ओलीले दाहाललाई राष्ट्रिय सहमतिको सरकार गठन गर्नुपर्ने आवश्यकता देखिएको संकेत भने गरेका छन् । जुन शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुऱ्याउन आवश्यक रहेको उनको भनाइ छ ।

स्रोतले भन्यो, 'मेरो नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाऔं । त्यसपछि शान्ति प्रक्रियाका सबै समस्या म समाधान गर्छु ।' दाहालले भने ओलीलाई गठबन्धनबाटै प्रधानमन्त्री बन्न अफर गरेको स्रोतको दाबी छ ।

एमाले र कांग्रेसबीच करिब सहमति भइसकेपछि ओलीले दाहाललाई उक्त प्रस्ताव गरेको माओवादी नेताहरूको बुझाइ रहेको छ । सोही कारण दाहालले पनि उक्त विषयमा थप जवाफ नदिएको बालुवाटारनिकट स्रोतको भनाइ छ ।

तर, नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशरण महतले सबैभन्दा ठूलो पार्टीको हैसियतले कांग्रेस सरकारमा गएर सरकारको नेतृत्व गर्नुपर्छ भन्ने कुरा स्वाभाविक भएको बताएका छन् । यद्यपि सोमबार बसेको पदाधिकारी बैठकमा एमालेसँग मिलेर सरकार गठन गर्नेबारे छलफल नभएको उनले स्पष्ट पारे ।

'कांग्रेस सत्तामा जानुपर्छ र नेतृत्व गर्नुपर्छ भन्ने अनौठो कुरा भएन । नेतृत्व तहले विभिन्न दलहरूसँग छलफल गरिरहेको छ । राष्ट्रिय मुद्दामा पनि छलफल भइरहेको छ । हाम्रो लागि मुद्दा ठूलो कुरा हो ।

सत्ता ठूलो होइन,' उनले सञ्चारकर्मीहरूसँग भने, 'मुद्दाहरूमा एकरूपता आयो, दीर्घकालीन रूपमा अगाडि जाने परिस्थिति बन्यो भने यो विषयले प्राथमिकता पाउँछ ।'

सबै विषयमा छलफल गरेर एक ठाउँमा उभिने परिस्थिति हुँदा कुरा सरकार गठनको प्रक्रिया अघि बढ्नसक्ने प्रवक्ता महतले बताए ।

कांग्रेस र एमालेबीच राजनीतिक स्थायित्व, बलियो सरकार र संविधान संशोधनका लागि दुई दलबीच सहकार्य हुने चर्चा चल्दै आएको छ । यसका लागि दुवै दलका दोस्रो तहका नेताहरू सत्ता सहकार्यका लागि वातावरण बनाउने गरेको जनाएको छ ।

### म्यानपावरले...

यसैबीच संघको ३२ औं स्थापना दिवस र ३०औं साधारणसभाका अवसरमा संघका संस्थापकहरूमध्ये तीन जना र वैदेशिक रोजगारबाट फर्किएर स्वदेशमा नै उद्यम गरिरहेको एक जनासमेत सात जनालाई सम्मान गरिएको छ । वैदेशिक रोजगारीबाट फर्किएका हाल क्यान्सरको उपचार गराइरहेका एक जनालाई एक लाख रूपैयाँभन्दा बढी सहयोग गरेको छ । साधारणसभाबाट संघको विधान संशोधन गर्ने सम्बन्धमा भने व्यवसायी एक मत हुन नसक्दा आवश्यक पूर्वतयारीकासाथ विधान भेला डाकेर प्रक्रिया अघि बढाउने निर्णय भएको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । यसै साधारणसभाबाट संघलाई महासंघ बनाउने, व्यवसायी कल्याण कोष स्थापना गर्नेलगायतका एजेण्डा प्रस्तुत गरिएको थियो ।


**नेपाल ट्रिपर तथा ट्रक व्यवसायी समिति**
का.म.पा.- १४, काठमाडौं

**ठेक्का स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति २०८१/०३/१८

प्रभाव दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये तपशिल बमोजिमका सारभूत रुपमा प्रभावग्राह्रय न्यूनतम मूल्याङ्कित दरभाउपत्रहरु स्वीकृतीको लागि सिफारिस भए बमोजिम यो सूचना प्रकाशित गरिएको छ । साथै सम्बन्धित सबै दरभाउपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

| क्र. सं. | सूचना नं./ प्याकेज नं. | सूचना प्रकाशित मिति | कामको विवरण | दर भाउपत्रदाताको नाम | कवोल गरेको रकम रु. (मु.अ.क., PS र Contingencies बाहेक) |
|---|---|---|---|---|---|
| १. | 01-080-81 -SQ- NTTA | २०८१/०२/२९ | Construction of Office Building, Chandragari-07, High Vision Colony | Timalsina Nirman Sewa & Suppliers Pvt. Ltd. | ८९,२६,६७६.६६/- |

**नेपाल ट्रिपर तथा ट्रक व्यवसायी समितिको कार्यालय**
कलंकी -१४, काठमाडौं
फो.नं.: ०१५२१९६४०, ०१५२१८६८३, ९८५१०८४०६९
ईमेल: nepalttorg2066@gmail.com



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL
पूर्व स्वीकृति मिति २०८०/03/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/१७ | LT. No. 288633 | चलानी नं. ६०२०३९३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 6 | 0 | 4000 | १४५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९९,००० | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 4 | General Clean Worker | 17 | 10 | 1000 | ३६,३०० | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Manager Variety | 1 | 0 | 6000 | २१८,२२१ | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | २१६,०५० | | | | | | | |
| 8 | Supervisior | 8 | 2 | 2500 | ९०,७३० | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL
पूर्व स्वीकृति मिति: २०७९/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/१७ | LT. No. 280627 | चलानी नं. ६०१९६१६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 2100 | ७६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician | 1 | 0 | 1200 | ४३,७१० | | | | | | | |
| 3 | Foreman | 4 | 0 | 2500 | ९१,०६० | | | | | | | |
| 4 | General Clean Worker | 5 | 0 | 1000 | ३६,४२५ | | | | | | | |
| 5 | Representative | 1 | 0 | 2500 | ९१,०६० | | | | | | | |
| 6 | Supervisor | 2 | 0 | 2500 | ९१,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २५ गते (9th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७४/०९/३० मा दर्ता भएको प्रा.लि.नं. १८१७३१ को **होटल सनराईज प्लाजा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**
(सूचना प्रकाशित २०८१/०३/१८ गते)

सेते बहादुर घर्तीको नाति, कृष्ण बहादुर घर्ती र सरस्वती घर्तीको छोरा, फुल माया घर्तीको श्रीमान स्थायी ठेगाना तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं ०१ मा बस्ने मान बहादुर घर्तीको मिति २०७८/०१/२६ मा मृत्यु भएकोले मान बहादुर घर्ती र फुल माया घर्तीको नाममा यस बैंकको दमौली शाखामा रहेको बचत खाता नं ०१४००२०१०५२००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमति फुल माया घर्तीले यस बैंकको दमौली शाखामा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय दमौलीमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय दमौली, तनहुँ फोन नं. ०६५-५६४५०३



**राहदानी हरायो**

मिति २०८१/०२/१३ गते गोंगबुदेखि चक्रपथसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **मनिस नेपाली**
राहदानी नं : PA१७४८३६५
ठेगाना: काठमाडौं
फोन नं : ९८५१०२४३९८



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**
(सूचना प्रकाशित २०८१/०३/१८ गते)

राम चन्द्र पण्डितको नाती, बद्री प्रसाद पण्डितको छोरा, तनहुँ जिल्ला भानु नगरपालिका वडा नं १२ घर भई हाल ललितपुर जिल्ला, ललितपुर महानगरपालिका बस्ने शेष कान्त पण्डितको मिति २०८०/१०/१७ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको टेकु शाखामा रहेको बचत खाता 236022226510001 मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजका साथीहरु प्रेम प्रसाद पण्डित, मुरलीधर पण्डित र श्रीमती गिता भटराईले यस बैंक शाखा टेकुमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय टेकुमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय टेकु फोन नं. ०१-५३१५३१२, ०१-५३६७०७२



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : NAWADER MAINTENANCE AND CLEANING COMPANY
पूर्व स्वीकृति मिति २०८०/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/१७ | LT. No. 298599 | चलानी नं. ६०२१३६२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 15 | 0 | 1800 | ६३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २५ गते (9th July 2024) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**
(सूचना प्रकाशित २०८१/०३/१८ गते)

विरभान कामीको नाति, मँगले कामीको छोरा, कमला बि.क को पति सुर्खेत जिल्ला, पञ्चपुरी न.पा वडा नं ११(साविक तातापानी गा.बि.स.वडा नं ०५) बस्ने गँभीरे कामीको मिति २०८१/०१/०४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बाबियाचौर शाखामा रहेको बचत खाता नं.०७३००४३८६०३००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाका पत्नी कमला बि.क ले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय बाबियाचौरमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय बाबियाचौर, फोन न. ०८३-४१६०३१



**श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय**
जीतपुरसिमरा उपमहानगरपालिका- ०१, बारा

**बोलपत्र स्वीकृत हुने आशयको सूचना**

(प्रथम पटक प्रकाशन मिति: २०८१/०३/१८ गते)

यस श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय पथलैया, बाराबाट प्रभाव दैनिक पत्रिकामा मिति २०८१/०२/१८ गते शुक्रबारमा निम्न लिखित योजनाको कार्य गर्नको लागि विधुतिय बोलपत्र मार्फत सूचना प्रकाशित गर्दा ई-सबमिशन मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसीलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभुत रुपमा प्रभावग्राही देखिएको व्यहोरा बोलपत्र मूल्याङ्कन समितिबाट सिफारिश भई आएकोले उक्त बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) एवम् ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारी को लागि यस ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र/ ठेक्का नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम तथा ठेगाना | कबोल अंक रु. (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| SNRSS/G/ NCB/01/ 2080-81 | Procurement of Supply and Delivery of Survey Equipments and Safety Tools for Shree Nepal Rastriya Secondary School, Jeetpursimara-1, Pathlaiya, Bara | Scientific Medical Technology (P.) Ltd. | 29,93,560.00 |



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TAMDEEN ENTERTAINMENT COMPANY
पूर्व स्वीकृति मिति: २०८०/03/07 | पुन विज्ञापन स्वीकृति मिति २०८०/03/१७ | LT. No. :288192 | चलानी नं.: ६०२०३४८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Guest Service Attendant | 24 | 4 | 130 | ५५,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २५ गते (9th July 2024) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १३०५/०७४/०७५

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL RAYYAN PROJECTS MANAGEMENT
पूर्व स्वीकृति मिति: २०८१/03/१७ | LT. No. 306847 | चलानी नं. ६०२२१७५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gateman | 15 | 0 | 1000 | ३६,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २५ गते (9th July 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Chinari Overseas Pvt. Ltd.
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com
Govt. License 1165/073/074

# बिहीबारसम्म मनसुन थप सक्रिय हुने




**काठमाडौं (प्रस)**- देशभर बिहीबारसम्म मनसुन थप सक्रिय हुने भएको छ। मनसुन न्यून चापीय रेखाका कारण यो सक्रिय हुन थालेको हो।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार न्यून चापीय रेखा आगामी केही दिन नेपालको दक्षिणी भाग/सिमाना आसपास रहने भएकाले मनसुन थप सक्रिय हुने सम्भावना कायमै रहेको हो। यही असार २० गतेसम्म आवश्यक सावधानी तथा सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

मनसुन अवधिमा देशभर साधारणतयादेखि पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुने छ। सो अवधिमा कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानम तथा मधेस प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चटयाङसहित भारी वर्षाको सम्भावना रहेको छ।

मनसुन सक्रिय रहेको अवधिभर कोशी प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका एक दुई स्थानमा भारी वर्षा हुने सम्भावना छ। महाशाखाका अनुसार कोशी प्रदेशका ताप्लेजुङ, पाँचथर, संखुवासभा, तेह्रथुम, मोरङ, झापा, सुनसरी, इलाम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, र ओखलढुंगा बाढी पहिरोको उच्च जोखिममा छन्।

यस्तै बागमती प्रदेशका मकवानपुर, चितवन, सिन्धुपाल्चोक र दोलखा तथा गण्डकीका म्याग्दी, बागलुङ, कास्की, पर्वत, स्याङजा, तनहुँ, नवलपरासीपूर्व र लमजुङ पनि उच्च जोखिममा रहेको महाशाखाद्वारा जारी बुलेटिनमा उल्लेख छ।

यसैगरी लुम्बिनी प्रदेशका कपिलवस्तु, रूपन्देही, पाल्पा, अर्घाखाँची, गुल्मी, प्युठान, नवलपसारी पश्चिम, रोल्पा र रुकुमपूर्व पनि बाढी पहिरोको उच्च जोखिममा छन्। मधेस प्रदेश र सुदूरपश्चिममा भने सो अवधिमा उच्च जोखिम छैन।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/०२/०९६ मा दर्ता भएको **प्रा.लि. नं. ९९०९६१** को **भेरी छेडा हाइड्रोपावर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **Pigeon International Overseas Pvt. Ltd. (ई.प.नं. ३८४/०५९/०६०) काठमाडौंको साविकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २६** परिवर्तन गरी **काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. १०** काठमाडौंमा ठेगाना कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०२/३१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**निउरा ट्रेडिङ्ग प्रा.लि.**) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"हिमालयन फेल्ट एण्ड काफ्ट प्रा.लि.(प्रा. लि. नं. ६६८०४)"** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०२/११ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**एस.डि.आर. लजिष्टिक प्रा.लि.**) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"एस.डि. आर. बिजनेस प्रा.लि.(प्रा. लि. नं. १७८६६९)"** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०३/०२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**वन सिपिङ्ग लजिष्टिक प्रा.लि.**) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"वन इन्टरनेशनल ट्रेड प्रा.लि.(प्रा. लि. नं. २६१३४०)"** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIGNE DORAN CONTRACTING CO LTD
पूर्व स्वीकृति मिति : २०८०/०९/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ LT. No.297823 चलानी नं. ६०२१२९००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cabinet Maker | 50 | 0 | 15000 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : D.L.B CONSTRUCTION & CO LTD
पूर्व स्वीकृति मिति : २०८०/११/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ LT. No.:301343 चलानी नं.: ६०२१६३४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason Grade II | 11 | 0 | 17000 | ४८,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel fixer grade II | 13 | 0 | 17000 | ४८,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २५ गते (9th July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALEH MOHAMMED BIN SALEH AL KHALIFA AIR CONDITIONING AND REFRIGEATION ESTABLISHMENT
पूर्व स्वीकृति मिति २०८१/०२/३० LT. No. 306359 चलानी नं. ६०२२१०१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २५ गते (9th July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ASMITA INTERNATIONAL OVERSEAS P. LTD. Govt. License 771/065/066
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FINE GULF NUTRIMENTS CO
पूर्व स्वीकृति मिति २०८०/११/३० पुन विज्ञापन स्वीकृति मिति : २०८१/०३/१७ LT No : 301522 चलानी नं ६०२१६४०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Product Worker/packager | 2 | 0 | 110 | ४७,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 4 | 120 | ५१,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २५ गते (9th July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

CHANDANI MANAGEMENT SERVICES PVT. LTD. श्रम ईजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASK CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८०/१०/१२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१७ LT. No.298871 चलानी नं. ६०२१३८१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

कम्पनी : ABDAL HUMAN RESOURCES COMPANY IS A CLOSED JOINT STOCK COMPANY
पूर्व स्वीकृति मिति २०८०/०१/२६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१७ LT. No.285720 चलानी नं. ६०२०११०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 100 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २५ गते (9th July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Pigeon International Overseas Pvt. Ltd श्रम ईजाजत नं. ३८४/०५९/०६०
Tokha-10, Samakhushi, Kathmandu, Nepal
Tel: +977-1-4958977, 4983277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : ALWALSHIN STAR HOSPITALITY SERVICES
पूर्व स्वीकृति मिति २०७९/०९/११ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१८ LT. No. 278288 चलानी नं. ६०१९३७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 95 | 900 | ३२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manager | 2 | 4 | 3000 | १०८,२०५ | | | | | | | |
| 3 | Waiter | 20 | 95 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST
पूर्व स्वीकृति मिति २०७९/०७/२७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१८ LT. No. 274949 चलानी नं. ६०१९१०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 65 | 900 | ३२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Waiter | 0 | 62 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST
पूर्व स्वीकृति मिति २०७९/०४/१७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१८ LT. No. 271028 चलानी नं. ६०१८६८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 20 | 900 | ३२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Manager | 0 | 3 | 3000 | १०८,२०५ | | | | | | | |
| 5 | Marketing Specialist | 5 | 30 | 1200 | ४२,७५० | | | | | | | |
| 6 | Waiter | 5 | 20 | 1000 | ३६,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २५ गते (9th July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Shuvam Overseas Employment Pvt. Ltd. SOE श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर

**सन्देशमूलक सूचना**

चामल र मैदाको तुलनामा कोदो, फापर, चिनो, कागुनो, लट्टे आदि लगायतका कोदोजन्य तथा रैथाने बालीहरुमा शरीरको लागि आवश्यक पोषक तत्वहरु प्राय बढी पाईने हुनाले यिनको नियमित सेवन गरेमा मुटु रोग, मधुमेह, उच्च रक्तचाप लगायतका रोग लाग्ने जोखिम कम हुनुका साथै बालबालिकामा हुने कुपोषण र महिलामा हुने रक्त अल्पत्ता समेत घटाउन सकिन्छ। तसर्थ खाने बानीमा परिवर्तन गरौं। दैनिक भोजनमा यस्ता बालीका परिकारहरुलाई समावेश गरि निरोगी बनौं।

## संस्थापक शेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनी महानुभावहरुलाई जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८१/०३/१८

यस फाईनान्सका निम्न संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्न ईच्छा राखी निवेदन दिनुभएको र उक्त निवेदन सञ्चालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई बिक्री गर्न प्रक्रिया अघि बढाउने निर्णय भएकोले उक्त संस्थापक शेयरहरु खरिद गरी लिन ईच्छुक हाल कायम रहेका यस संस्थाका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था रहेकोले सबै संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई संस्थापक शेयर खरिद गरी लिन ईच्छुक भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी संस्थाको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर वा यस संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबी क्यापिटल मार्केट्स लिमिटेड, काठमाण्डौमा आफूले खरिद गर्ने शेयर कित्ताको व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ। संस्थापक शेयर खरिद गरी लिने सम्बन्धमा तोकिएको म्यादभित्र निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्तिलाई बिक्री गर्ने सम्बन्धी आवश्यक कारबाही अघि बढाइने हुँदा सो शेयर लिन ईच्छुक सर्वसाधारणसमेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| संस्थापक शेयरधनीको नाम | शेयर कित्ता |
|---|---|
| श्रीमती बेनुका जोशी | २,८३,००० |

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs
केन्द्रीय कार्यालय: कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५
इमेल: info@centralfinance.com.np

## बटेश्वर गाउँपालिका
गाउँ कार्यपालिको कार्यालय
बटेश्वर धुषा, मधेश प्रदेश, नेपाल

### बटेश्वर गाउँपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश

• जथाभावी ढुंगा गिट्टी, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं। • बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं। • विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं। • खानेपानीका मुहानहरू सदैव सफा राखौं। • जथाभावी फोहोर नफालौं। • शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ। • चर्पीमा मात्र दिसापिसाव गरौं। • सफासँग हात धोएर खाना खाने गरौं। • झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं घरपालुवा चौपायाहरू छाडा नछाडौं तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं सवारीसाधनहरू उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं। • विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं। जेष्ठ नागरीकहरूलाई उचित स्याहार सुसार सहित सम्मान गरौं। •व्यक्तिगत घटना घटेको ३५ दिनभित्र अनिवार्य रूपमा नगरपालिकामा घटना दर्ता गराऔं। • समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं। • यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं। • गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं। • राष्ट्रिय सम्पदा तथा धरोहरहरूको जर्गेना गरौं। • कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चात मात्र सञ्चालन गरौं। • घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं। • गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने।
२. नाप, तौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी र उजुरी दिने।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
४. किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
५. विमारी परेका वा झाडा पखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाइसकेपछि नियमितरूपमा फेरवदल गर्नुपर्नेछ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने र स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गरौं।
१२. ढाँटी झुक्काई कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरू पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।

**वस्तु तथा सेवामा समान पहुँच, स्तरस्य वस्तुको छनौट, मूल्य परिणाम शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानी नोक्सानी विरुद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### नेपाली श्रमिकको घर फिर्तीमा सहजीकरण गर

गएको आर्थिक वर्षसम्म मलेसिया नेपालीहरूको पहिलो रोजाइको मुलुकमा पर्थ्यो । मलेसियामा ठूलो संख्यामा नेपाली कामदार गइरहेकामा यो आर्थिक वर्षबाट भने मलेसियाले प्रवासी कामदार लिन बन्द गरेको छ । जसकारण त्यहाँबाट अहिले नेपाली कामदारको माग आउन छाडेको छ । तर पहिले नै गइसकेका लाखौं नेपालीहरू मलेसियामा कार्यरत छन् । मलेसियामा धेरै नेपालीहरू गैरकानुनीरूपमा रहेका समाचार विगतदेखि नै आइरहेकै हो । त्यसरी अवैध बसेका कयौं नेपालीहरू पक्राउ परेका छन् । अहिले पनि मलेसियाका जेलमा धेरै नेपाली रहेका छन्, यद्यपि यकीन तथ्यांक छैन ।

यहीबीच आइतबार सार्वजनिक एक प्रतिवेदनले मलेसियामा नेपाली श्रमिकको समस्यालाई उजागर गरेको छ । वैध कागजातको अभावमा मलेसियामा धेरै नेपाली आप्रवासी श्रमिक पक्राउ परेका अध्ययन प्रतिवेदनले देखाएको छ । प्रवासी नेपाली समन्वय समिति (पिएनसिसी), सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (सेस्लम) र सोसल साइन्स बहाःको एक अध्ययनले मलेसियामा विभिन्न कारणले कारागार चलान भएका नेपाली आप्रवासी श्रमिकमध्ये ६१ प्रतिशत कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेको देखाएको हो ।

कैदमा रहेकामध्ये कागजपत्रसम्बन्धी ६१ प्रतिशत, सहकर्मी वा रोजगारदातासँग झगडाका आठ प्रतिशत र आपराधिक गतिविधिसम्बन्धी कारणले तीन प्रतिशत श्रमिक पक्राउ परेका अध्ययनले देखाएको छ । अध्ययनले पिएनसिसीमा सन् २०२० देखि २०२३ सम्म दर्ता भएका ७५८ व्यक्तिका मुद्दाको विश्लेषण गरेको थियो । मलेसियामा नेपाली श्रमिकलाई आप्रवासनको यात्रा अझै पनि जोखिमपूर्ण र शोषणपूर्ण हुने गरेको अध्ययनले देखाएको छ ।

रोजगारीका लागि मलेसिया पुगेका नेपाली मुख्यतया कागजातसम्बन्धी समस्या रहेको पतिवेदनमा उल्लेख छ । कैदमा पर्ने ६१ प्रतिशत आवश्यक कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेका अध्ययनबाट देखिएको छ । कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेका ८० प्रतिशत श्रमिक अनुमतिपत्र बाँधिएको रोजगारदाताकहाँबाट भागेको र त्यस कारण वैध भिसा वा काम गर्ने अनुमतिपत्र नभएकाले नौ प्रतिशत श्रमिक कैद परेका हुन् । नेपालका एजेन्ट वा भर्ना एजेन्सीबाट ठगिएर कागजपत्रविहीन भएर कैद पर्ने तीन प्रतिशत, राहदानी वा परिचयपत्र नभएकाले कैदमा पर्नेको संख्या एक प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

सरकारले वैदेशिक रोजगारीमा गएका नेपालीको घर फिर्तीमा सहजीकरणका लागि गर्दै आएको प्रयास पर्याप्त नभएको अध्ययनले देखाएको छ । त्यसैले सरकारले अप्ठ्यारामा परेका, काजगपत्र, जेल तथा घरफिर्ती केन्द्रमा रहेका नेपाली श्रमिकलाई स्वदेश फर्काउन कार्ययोजनासहित काम गर्न सुझाव दिइएको छ । यो सुझाव ग्रहण गरेर सरकारले घर फिर्तीमा सहजीकरणका लागि तत्काल कदम चाल्न जरुरी छ ।

# 'डेंगु नियन्त्रणमा सबैको जिम्मेवारी आवश्यक'

- नेपालमा असारदेखि कात्तिकसम्म डेंगु संक्रमणको सम्भावना बढी हुन्छ ।
- हाल ७२ जिल्लामा डेंगु पुगिसकेको हुँदा आउँदा दिनमा संक्रमण बढ्ने सम्भावना अधिक नै छ ।
- डेंगुका पाँचवटा प्रकार हुन्छन् । पहिला एउटा देखिसक्यो भने अर्कोपटक अर्कै प्रकार देखिन सक्छ जुन घातक हुन सक्दछ ।
- हाम्रो जिम्मेवारी समन्वयात्मक हिसाबले जति सकिन्छ गर्ने हो । स्थानीय तहसँग जोड्न पुलका हिसाबमा प्रदेशको भूमिका धेरै हुन्छ ।
- म सुरक्षित छु, मेरो घर सफा छ, पानी पनि त्यस्तो छैन भनेर सुरक्षित भएर ढुक्क बस्नु हुँदैन ।


**डा. यदुचन्द्र घिमिरे**
निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

डेंगु रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाइबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कन सक्छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)को पछिल्लो तथ्यांकअनुसार यही जुन १ देखि २८ सम्म ७२ जिल्लामा डेंगु संक्रमण पुगिसकेको अवस्था छ । डेंगु संक्रमणको अवस्था, रोकथाम तथा नियन्त्रणमा सरकारको तयारीलगायतका विषयमा इडिसिडीका निर्देशक **डा. यदुचन्द्र घिमिरे**सँग राससकर्मी **बुनु थारु**ले गरेको कुराकानीको सम्पादित अंशः

**डेंगु देखिन सुरू भइसकेको छ, अहिले संक्रमणको अवस्था के छ ?**

नेपालमा पहिलोपटक सन् २००४ मा डेंगु देखिएको हो । पछिल्लो ट्रेन्डअनुसार दुई-तीन वर्षमा महामारीका रूपमा देखिँदै आएको छ । डेंगु संक्रमित लामखुट्टेका माध्यमबाट स्वस्थ मानिसलाई टोक्दा यो रोग सर्छ । पानी पर्न सुरु भएसँगै अब संक्रमणको सम्भावना पनि सुरु भइसक्यो । हाल तथ्यांक हेर्दा भने ७२ वटा जिल्लामा एक हजार ३४४ जनामा डेंगु संक्रमण पुष्टि भइसकेको छ ।

**विशेषगरी डेंगु कहिलेदेखि बढी देखिने गर्दछ ?**

जुनबेला तापक्रम बढ्छ, पानी पर्छ, अनि पाँच सात दिन पानी जम्मा भएर लामखुट्टेको जीवनचक्र पूरा भएपछि त्यो लामखुट्टेको संख्या बढी हुन्छ । जब मनसुन अगाडि बढ्छ त्यसरी नै संक्रमण बढ्ने हो । लगातार पानी परिराख्यो भने संक्रमण त्यति बढ्न पाउँदैन किनकि पानी एकै ठाउँमा जम्मा भइरहने अवस्था हुँदैन । नेपालमा असारदेखि कात्तिकसम्म डेंगु संक्रमणको सम्भावना बढी हुन्छ ।

दुई-तीन वर्षको अन्तरालमा महामारी देखिने भन्नुभयो ? तर २०२२ मा ८८ जना र २०२३ मा डेंगुले २० जनाको ज्यान लियो, यस वर्ष महामारीको सम्भावना कस्तो रहन्छ ?

केही अघिल्ला वर्षको ट्रेन्ड हेर्दा दुई-तीन वर्षको अन्तरालमा देखिन्छ । तर त्यो समग्रमा भनेको होइन । जस्तो कुनै ठाउँमा पहिले नै महामारी फैलिसकेको छ भने अर्कोपटक त्यहाँ देखिन नसक्ला । तर हामीले रोकथामका उपायहरू कति अपनाउँछौं भन्ने विषय पनि जोडेर हेर्नुपर्छ जस्तो लाग्छ । कुन ठाउँमा बढी देखिन सक्छ भनेर 'म्यापिङ' गरेका छौं । कसैलाई लक्षणरहित पनि डेंगु देखिन सक्छ । लक्षण देखिएर समस्या भएपछि जाँच गराउन आउने हुन्छन् त्यसैले पनि सबै संक्रमितको संख्या गणना हुँदैन । डेंगुका पाँचवटा प्रकार हुन्छन् । पहिला एउटा देखिसक्यो भने अर्कोपटक अर्कै प्रकार देखिन सक्छ जुन घातक हुन सक्दछ ।

**डेंगु नियन्त्रण रोकथामका लागि कस्तो तयारी भएको छ ?**

लामखुट्टे नियन्त्रण गर्न सचेतना फैलाउन उत्तिकै महत्त्वपूर्ण छ । नियन्त्रण गर्न कस्ता उपायहरू अपनाइरहेका छौं भन्ने मुख्य विषय हो । सचेतनाका कुरा हेर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अपिल गरिरहेको छ । हामीले पनि विभिन्न माध्यमबाट सचेतना फैलाइरहेका छौं । सातै वटा प्रदेशका सचिवहरू तथा स्वास्थ्य निर्देशनालयसँग विभिन्न अभियानका लागि छलफल भएको छ । स्थानीय तहले लामखुट्टेको बासस्थान 'खोज्ने र नष्ट' गर्ने अभियानमा बढी जोड दिनुपर्छ । साथै टायर, गमलाको फुलदानीमा जमेका पानी हटाउनेलगायतका कुराहरू पनि छन् । यस्ता यावत् अभियान सञ्चालन गर्नका लागि स्थानीय तहसम्म पुग्नेगरी प्रदेशसँग समन्वय गरेका छौं । बिरामी भएपछि जति छिटो उपचार भयो सर्ने सम्भावना कम हुन्छ । उपचारमा पनि कमी हुन दिने छैनौं । विज्ञहरूसँग छलफल गरेर अगाडि कसरी बढ्ने भन्ने विषयमा पनि राय लिने काम पनि गरिरहेका छौं । समन्वयात्मक तरिकाले अगाडि बढिरहेका छौं । डेंगुमात्र नभई अरू किटजन्य रोगहरूमा पनि हामीले नियमित अभियान सञ्चालन गरि नै रहेका छौं ।

**डेंगु परीक्षणका लागि किटको उपलब्धता कत्तिको छ ?**

किटको कुरा गर्दा सबैलाई परीक्षण गरेर सकिँदा पनि सकिँदैन । लक्षण देखिएपछि मात्र परीक्षण गर्न आउने हुन्छन् । सबै स्वास्थ्य संस्थामा आवश्यकताअनुसार किट पठाएका छौं । अभाव भयो भने खरिद प्रक्रियाबाट पनि हामी पूरा गर्छौं ।

**डेंगु नियन्त्रणमा कसको बढी जिम्मेवारी छ ?**

हाल ७२ जिल्लामा डेंगु पुगिसकेको हुँदा आउँदा दिनमा संक्रमण बढ्ने सम्भावना अधिक नै छ । खोज र नष्ट गर्ने अभियान, र्‍यापिड रेस्पोन्स टिम, प्रदेश र स्थानीय तहसँगको पनि सजगकताका हिसाबले यस वर्ष महामारी नियन्त्रण गर्न सकिँदैन भन्ने होइन । बढ्दै जान सक्ला तर बिरामीको संख्या ह्वात्तै बढ्ने र मृत्यु हुनेगरी उपचार गर्न नसकिने अवस्थामा नपुगौंला भन्ने अपेक्षा गरेका छौं । तयारी पनि गरेका छौं । नीतिगत र लजिस्टिकका कुरामा संघको बढी महत्त्वपूर्ण भूमिका हुन्छ । व्यवस्थापनमा प्रदेश र स्थानीय तहको भूमिका बढी रहन्छ । स्थानीय तहले खोज र नष्ट अभियानमा बढी केन्द्रित रहनुपर्छ । बजेट जहाँजहाँ समस्या बढी हुन्छ भनेर म्यापिङ गरेर सोहीअनुसार बजेट पनि गएको छ । समन्वयात्मक हिसाबले काम अघि बढाएका छौं ।

**डेंगु नियन्त्रणमा तीन तहको समन्वय अभावले रोकथाम हुन नसकिरहेको हो त ?**

एउटाले अर्कालाई दोष दिने कुरा पनि गर्नुहुन्न । हाम्रो जिम्मेवारी समन्वयात्मक हिसाबले जति सकिन्छ गर्ने हो । स्थानीय तहसँग जोड्न पुलका हिसाबमा प्रदेशको भूमिका धेरै हुन्छ । संघबाट हामी महामारी र आपत्कालीन अवस्थामा रेस्पोन्स गर्ने जिम्मा इडिसिडीको भएको हुनाले हामीले सातवटै प्रदेशको मन्त्रालय र निर्देशनालयसहित जिल्ला पनि समन्वय गरेर समीक्षा गरेका छौं । रिपोर्ट ल्याउने कुरामा पनि निरन्तर संवाद हुन्छ । हरेक हप्ता छलफल गरिरहेका छौं । रिपोर्टिङ पनि नियमित आउँछ भनेर आशावादी छौं । हरेक पक्षबाट समन्वयलाई गर्न सक्यौं भने स्वास्थ्य प्रणालीको विकास गर्न सक्छौं ।

**डेंगुबाट बच्न के मा ध्यान पुऱ्याउनुपर्छ ?**

म सुरक्षित छु, मेरो घर सफा छ, पानी पनि त्यस्तो छैन भनेर सुरक्षित भएर ढुक्क बस्नु हुँदैन । वातावरणमा भएका 'रिस्क फ्याक्टर' जस्तै बट्टा, टायर, गमलाका फूलदानी, पातमै पानी जम्मा भएर लामखुट्टेले अण्डा पार्न सक्छ । सबैले मिलेर सरसफाइ नियमित गरौं । परिवारका सदस्यले पनि आफ्नो घरमा नियमित सफाइ गरौं । अव्यवस्थित सहरी ठाउँमा यसको झन् बढी जोखिम छ । लामखुट्टे घरभित्र नजान दिन जाली, झुलको प्रयोग गर्न सकिन्छ । बाहुला पूरा भएको लुगा लगाउँदा लामखुट्टेले टोक्ने सम्भावना कम हुन्छ । बिहान र साँझ बढी टोक्ने भएकाले सजग रहनुपर्छ । व्यक्तिगत हिसाबमा सबैले जोगिँदा पनि समुदाय जोगिन सक्छ । डेंगुबाट बच्नका लागि लक्षण पनि थाहा पाउनुपर्ने हुन्छ । ज्वरो, टाउको दुख्ने, आँखाको गेडी निस्केला जस्तो हुने, हड्डी भाँचिएला जस्तो हुनेलगायत लक्षण देखिन सक्छन् । जटिल भएको खण्डमा स्वास्थ्य संस्था गइहाल्नुपर्छ । राजनीतिकर्मी, के शिक्षक, विद्यालय, सामाजिक अगुवा, सर्वसाधारण सबैको डेंगु नियन्त्रणमा भूमिका हुन्छ ।

## मननयोग्य

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' क्रमशः




# राष्ट्रियता हराएको 'परिचयपत्र'

झिसमिसे उज्यालो हुँदै थियो । रत्नपार्क हुँदै भद्रकालीतर्फको बाटोमा फाट्टफुट्ट सवारी बतास्सिएर कुदिरहेका थिए । रानीपोखरीलाई आधा फन्को लगाउँदै गर्दा घण्टाघरको घण्टीले तीनपटक ट्वाङऽ ट्वाङको आवाज दियो ।

रामे काकाले गुडाउँदै आइरहेको ह्वीलचियर त्रिचन्द्र कलेजेको गेटमा रोके । लगाएको चश्मा खोलेर खल्तीबाट अलि पावरवाला चश्मा निकालेर लगाए, र देब्रे मुण्टो फर्काउँदै सकी नसकि घण्टाघरको घडीको सुइँ नियाले । बूढाले देखेनन् कुन्नि ! एऽ अब त बिहान हुन लागिसकेको भन्दै देब्रे हातले अड्काएको ह्वीलचियरको पांग्रालाई यस्सो ठेलेर अगाडि बढाउँदै भद्रकालीतिर हुँइकिए ।

असारको बेला आकाश कालै थियो । पानी पर्ला पर्लाजस्तो भए पनि रामे काकाले त्यसको कुनै पर्वाह नै नगरी दक्षिणतिर कुँद्दै थिए । उनको ह्वीलचियर पहिलाको पुरानो बसपार्क अगाडि रोकियो । काकाको मुखबाट निस्कियो ओहोऽ धरहरा त गज्जबकै बने छ !

विचरा काका बन्न नसकिरहेको तर वर्षौंदेखि बनेको जस्तो गरिरहेको काठमाडौं टावरलाई झिसमिसेमा धरहरा सम्झेर खुसी भएछन् । जे होस् काठमाडौं बन्दैऽछ । उमेरले ७० काटिसकेका रामे काका बिहानै उखरमाउलो गर्मीजस्तै असिन पसिन हुँदै आफ्नो जिन्दगीको महत्त्वपूर्ण पाइला ह्वीलचियर दौडाउँदै सभागृहको गेटमा पुगे ।

पूर्वबाट घाम उदाउनका लागि केही घण्टा बाँकी थियो तर सूर्यका लालीले अँध्यारोको किरणलाई फन्छाउँदै अँध्यारोबाट उज्यालोतर्फ कुदाउँदै पनि थियो । निकै आकर्षक हरियाली चौरले सिंगारिएको सभागृहभित्र रामेकाका निकै पछाडि पो रहेछन् । काकाले शिरमा लगाएको पाल्पाली ढाकाको टोपी निकाले र पसिना पुछे । अनि लामो सास फेरेर सुस्तरी बोले निकै लाइन पो लागिसकेछ !

हुन पनि त्यहाँ लामै लाइन बसिसकेको थियो । उनीभन्दा धेरै अगाडिदेखि नै लाइन बस्नेको भीड थियो । लाइन बसेकामध्ये एक जना वृद्ध कराउँदै थिए । दुःख पनि कति दिन जानेको ? यो उमेरमा पनि सास्तीमाथि सास्ती । बिहानदेखि दिनभर कुर्नुपर्ने क्या गज्जवको शासन आएछ !

अर्का वृद्ध भन्दै थिए । के गर्नु तीन दिन भइसक्यो, आएर लाइनमा बसेको तर पालो आएको हैन । यस्ता धेरै उमेर काटेका वृद्धवृद्धालाई सभागृहमा हरेक दिन लाइनमा बस्नु बाध्य बनाइदिएको छ । आफैंले चुनेर पठाएका सरकारका नाइकेहरूले ।

सरकारले दिने गरेको वृद्धभत्ता तथा सामाजिक सुरक्षाभत्ता लिनका लागि सरकारले बनाइदिने भनेको राष्ट्रिय परिचयपत्र बनाउन 'घरले जाऽ जा वनले आइजा आइजा' भन्ने उमेरका रामे काका जस्ता धेरै बूढाखाडाहरूले नसकी नसकी त्यही परिचयपत्र बनाउन सास्ती बेहोर्नु परेको छ ।

अर्काले अह्राइदिएका कारण फोटो खिच्न बसेकाको पनि उस्तै हैरानी छ । फोटो खिचाउन आउने बाआमाहरूको कमिला ताँतीजस्तै ताँती देखिन्छ । तर सरकारले पठाइदिएको मान्छेले भ्याए पो ! विचरा तिनको दुःख पनि उस्तै छ । पानीसमेत पिउन पाका छैनन् । कोही-कोही तीन बित्ता उफ्रेर झगडा गरिरहेका छन् । विचरा, तिनले गर्न पो के सक्छन् र ? जे आदेश दिए त्यही गर्ने त हो ।

असार १५ धान दिवसका दिन । देश हाँक्नेहरूको फोटो सामाजिक सञ्जाल र टेलिभिजनका पर्दामा धान खेतमै रमिता देखाउँदै थिए । घाम चर्किएर बसिखानु थिएन । सभागृहमा फोटो खिचाउन बा आमालाई लिएर बस्नेहरू पनि निकै खिन्न थिए । त्यसै बेला फोटो खिचाउने कोठामा एक जना वृद्ध फोटो खिचाउनेसँग रन्किँदै थिए ।

विचरा फोटो खिचाउनेहरूले भन्नु पो के ! फोटो खिचाउँदा टोपी लगाउन नपाएको भन्दै वृद्ध व्यक्ति कराउँदै थिए । मेरो राष्ट्रियता भनेकै यही टोपी हो । टोपी नै नलगाई खिचेको परिचयपत्र कसरी राष्ट्रिय परिचयपत्र हुन्छ ? नेपालीको पहिचान के हो ? राष्ट्रियता केबाट झल्काउने ? विश्वको जुनसुकै कुनामा पुगे पनि नेपाली भनेर चिन्ने भनेकै यही टोपीले हो । टोपी नै नलगाई फोटो खिचेर बनाएको कसरी राष्ट्रिय परिचय बन्छ ?

वृद्ध बा जस्तै अर्कोतिर बूढी आमै पनि ठूलो स्वरले बोल्दै थिइन् । ओहोऽ ! ल भैगो यो वृद्धभत्ता लिनका लागि यति कष्ट गरेर लाइन बसियो । भोक तिर्खा भनिएन अब फोटो खिच्ने बेला आएसी टीका पुछ्न लगाउने, सिन्दुर पोते हटा भन्ने नि हुन्छ ? हाम्रो पहिचान नै यही हो । यही नभए के को राष्ट्रियता ? अनि कसरी हुन्छ राष्ट्रिय परिचयपत्र ?

फोटो खिच्न बसेका दुई कर्मचारी अक्क न वक्क पर्छन् । उनीहरू बूढा बा आमालाई सम्झाउने प्रयास पनि गर्छन् । सरकारले बनाएको नियम यस्तै हो नियम त मान्नुपर्‍यो नि । निरन्तर प्रयास गरिरहन्छन् । बाहिर लाइनमा भएकाहरू नारा नै लगाउन थाल्छन् । सरकार भए पो जनताले सुख पाउँछ । दलालहरूले चलाएका छन् कसरी जनताले सुख पाउँछन् ? भन्ने बेलामा राष्ट्रिय परिचयपत्र, तर परिचयपत्रमा राष्ट्रियता नै ध्वस्त ? राष्ट्रियता नै नभएको परिचयपत्रलाई के राष्ट्रिय परिचयपत्र भन्नु ? उनीहरू आक्रोशित बनेका छन् ।

भित्र वृद्ध बा आमाको राष्ट्रियता र आफ्नो पहिचान मेटाउन खोजेको भन्ने डरले फोटो खिच्नै मानेको देखिँदैन । सिन्दुर, टीका पुछ्न र शिरको टोपी निकाल्न नमान्दै भित्रै संघर्ष नै चलिरहेको छ । निधारमा लगाएको टीका पुछ्न लगाएर, शिरको टोपी झिक्न लगाएर फोटो टाँसिएको परिचयपत्र कसरी राष्ट्रिय परिचयपत्र हुन्छ होला र ? बरू यसको नाम राष्ट्रियता हराएको परिचयपत्र भन्दा पो बेस हुन्थ्यो कि ?

'केटाकेटी आएर गुलेली खेलाए, मटचांग्राको सत्यानाश' भनेको यही हो ।

# मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**काभ्रेपलाञ्चोक, महादेवस्थान**

**बागमति प्रदेश, नेपाल**

# चाखोला आँशीखोला र ढाँडखोला थारखोलाको रोडा, ढुंगा गिट्टी बालुवाको संकलन तथा बिक्री शुल्क उठाउने सम्बन्धी पून: बोलपत्र आव्हान सम्बन्धी सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/०३/१८)**
**(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०२/०६)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) १ र (घ) ६ बमोजिम यस मण्डनदेउपुर नगरपालिकाबाट आ.व. २०८१/०८२ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रदेश आर्थिक ऐनबाट पारित दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरूबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुंगा, बालुवा, ग्राभेल संकलन तथा बिक्री शुल्कको ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्रभित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

**ठेक्का सम्बन्धी विवरण:**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व. २०८१/०८२ का लागि कायम न्यूनतम अंक (मू.अ.कर सहित) | संकलन/उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) | बोलपत्र फारम दस्तुर | धरौटी/ जमानत रकम | बागमती प्रदेश सरकारबाट स्वीकृत दररेट |
|---|---|---|---|---|---|---|---|
| १. | 2/IR/2081/082 | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत चाखोला र आँशीखोलाबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल **IEE** मा उल्लेखित १० वटा क्षेत्रहरूबाट संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत चाखोला र आँशीखोला क्षेत्रभित्र उत्पादन भई बिक्री हुने नदीजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारमसाथ उपलब्ध सूची अनुसार) | ३१,३२,१७८.१२ (एकतिस लाख बत्तिस हजार एक सय अठहत्तर रुपैयाँ बाह्र पैसा मात्र) | ३०७९८२.११५ क्यू फिट | ३०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुंगा, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रू. ९ |
| २. | 3/IR/2081/082 | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत ढाडखोला र थारखोलाबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल IEE मा उल्लेखित ७ क्षेत्रहरूबाट संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत ढाडखोला र थारखोलाबाट क्षेत्रबाट उत्पादन भई बिक्री हुने नदीजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारमका साथ उपलब्ध सूची अनुसार) | २८,१०,०१७.३८ (अट्ठाइस लाख दश हजार सत्र रुपैयाँ अठतिस पैसा) | २७६३०४.५६ क्यू फिट | ३०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुंगा, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रू. ९ |

**ठेक्का सम्बन्धी शर्तहरू:**

१. बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, साथै लिखित निवेदन स्वघोषणा पत्र र मू. अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी मिति २०८१/०४/०१ गतेको कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. E– Bidding को लागि बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकतको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी मिति २०८१/०४/०२ गतेको १२ बजेभित्र E–bidding मार्फत www.bolpatra.gov.np बाट Bid document Download गर्न सकिनेछ ।

३. ग्लोबल आइएमइ बैंक कुन्तावेशी शाखामा रहेको खाता ग.१.१ आन्तरिक राजश्व खाता **मण्डनदेउपुर खाता नं** 22004010000010, **राजश्व शीर्षक नं.** 14229 मा बोलपत्र दस्तुर जम्मा गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

४. बोलपत्र फारम रितपूर्वक भरि मिति २०८१/०४/०२ गतेको दिनको १२ बजेभित्र पेश गर्नुपर्नेछ । पेश भएका बोलपत्रहरु सोही दिनको २ बजे कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. E–bidding मार्फत प्राप्त बोलपत्र फाराम रितपूर्वक भरी मिति २०८१/०४/०२ गतेको दिनको १२ बजेभित्र e–submission गर्न सकिनेछ । बोलपत्रहरु सोही दिनको २ बजे कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । Bid Response गर्दा बुँदा नं. २ मा उल्लेख भएका कागजात, बैक जमानत, बोलपत्र दस्तुर, Bid Response document PDF Format मा पेश गर्नुपर्नेछ ।

६. बोलपत्रको मान्य अवधी कम्तीमा ९० दिनको हुनुपर्नेछ ।

७. धरौटी रकमः www.bolpatra.gov.np मा आ.व. २०८१/०८२ का लागि कायम न्यूनतम अंकको ५% रकम तोकिएको भए तापनि बोलपत्र पेश गर्दा आफूले कवोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशत ले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइएमइ बैंक, कुन्तावेशी शाखामा रहेको खाता ग.३ मण्डनदेउपुर धरौटी खाता नं. 22004010000008 खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानत पत्र (Bid security) अनिवार्य रूपले बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

९. बोलपत्र स्वीकृत सम्बन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र कवोल अकंको ३० (तिस) प्रतिशत रकम (मु. अ. कर समेत) नगदै तथा बाँकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैकबाट जारी भएको प्रत्येक किस्ता रकमको छुट्टा-छुट्टै मु.अ.कर बापतको रकम समेतको कार्यसम्पादन जमानी पत्र सहित सम्झौता गर्न आउनु पर्नेछ ।

१०. ठेकेदारले सम्झौतामा तोकीएको विषय क्षेत्रमा तोकिएको दर रेटमा मात्र शुल्क असुल गर्न पाउनेछ । संकलन तथा विक्री शुल्कको दररेट बोलपत्र फाराम साथ उपलब्ध गराईनेछ ।

११. बागमती प्रदेश सरकारले जुनसुकै बखत दररेट परिवर्तन गरेमा सोही वमोजिम कार्यान्वयन हुनेछ । साथै सो सम्बन्धी जानकारी यस कार्यालयबाट तुरून्तै हुनेछ ।

१२. यस सूचनामा उल्लेखित खोला/नदीका अलवा नयाँ क्षेत्र (खोला/नदी) पहिचान भई नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२/१०/२० को निर्णय वमोजिम नेपाल सरकार/दातृ निकायद्धारा संचालन हुने विकास आयोजनाहरूको लागि प्रयोग हुने निर्माणजन्य सामाग्रीको बिक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEE को परिधिभित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा नगरपालिकाले सम्बन्धित आयोजनाबाट विक्री मूल्य असुल गर्नेछ ।

१३. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्बन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न मण्डनदेउपुर नगर कार्यपालिकाले निर्णय गर्नेछ ।

१४. संकलन तथा विक्री शुल्क उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन वमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु ठेकेदार स्वंयमले बुझाउन् पर्नेछ ।

१५. रोडा, ढुंगा, बालुवा, ग्राभेल बिक्री ठेक्कामा रोडा, ढुंगा, बालुवा, ग्राभेल निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरी निकाल्न पाइने छैन साथै खोला/नदीमा पर्ने पुलको तल माथि कम्तिमा ५०० मिटर छाडेर प्रतिवेदनमा तोकीएको स्थानहरूबाट मात्र रोडा, ढुंगा, बालुवा, ग्राभेल निकाल्नु पर्नेछ ।

१६. ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार ठेक्का आव्हान गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदिको कारण केही दिन काम सुचारू नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति पाइने छैन । IEE प्रतिवेदनमा उल्लेख भएको अवधि बाहेकमा नदी/खोलाबाट सामाग्री उत्खनन गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखेको सामाग्री बिक्री गर्न बाधा पर्ने छैन ।

१७. जिल्ला अनुगमन तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरूले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

१८. जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्षभित्र उक्त ठेकेदारले उत्खनन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल सो क्षेत्रबाट उठाइसक्नु पर्नेछ ।

१९. नदी प्रवाहको दिशा परिवर्तन हुने गरी ढुंगा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन गर्न पाइने छैन ।

२०. प्रतिवेदनमा उल्लेखित स्थानहरूबाट मात्र नदीजन्य सामाग्रीहरु उत्खनन गर्नुपर्नेछ साथै प्रतिवेदनमा स्वीकृत भएको हकमा स्वीकृत अवधिसम्म मेशिन प्रयोग गरी नदीजन्य सामाग्रीहरु उत्खनन गर्न बाधा पर्ने छैन ।

२१. पानीले पखालेको चिसो बालुवा पानी चुहाउदै कालोपत्रे सडकमा ढुवानी गर्न गराउन पाइने छैन । साथै ढुंगा, गिट्टी, बालुवा, ग्राभेल लैजाँदा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ । साथै बालुवा धुँदा निस्किएको धमिलो पानी सिधै नदीमा मिसाउने पाइने छैन ।

२२. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन । तर बोल कबोल गरेको वार्षिक ठेक्का रकम सम्झौता गर्दाकै बखत एकमुष्ट रूपमा पुरै जम्मा गरेमा प्रचलित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाको निर्णय वमोजिम छुट दिइनेछ।

२३. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

२४. यसमा उल्लेख नभएका अन्य कुराहरु बागमती प्रदेश सरकारबाट जारि गरिएको नदीजन्य पदार्थ (उत्खनन र उपयोग) कार्यविधि, २०७५ र ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, मण्डनदेउपुर नगरपालिका भित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि २०७५ र अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

### जोशीलाई 'कौसी क्वीन' उपाधि

कौसीखेतीलाई प्रोत्साहन गर्ने उद्देश्यले काठमाडौँमा कौसी क्वीन–२०८१ सम्पन्न भएको छ । चौथो संस्करणको कौसी क्वीनको उपाधि अन्जना जोशीले पाएकी छिन् । राजधानीमा आयोजित कार्यक्रममा उनलाई कृषि तथा पशुपंक्षी विकासमन्त्री ज्वालाकुमारी साहले विजेताको ताज पहिरिइन् । यस वर्षको कोसी क्वीनको 'फस्ट रनर अप' गंगादेवी तिमल्सिना, 'सेकेन्ड रनर अप' कमला घिमिरे र 'थर्ड रनर अप' कमलमाया श्रेष्ठ भए ।





# 'बुलाकी' फेरि साउन ३२ मा प्रदर्शन हुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'बुलाकी' फेरि प्रदर्शनमा आउने भएको छ । फिल्म आउँदो साउन ३२ गते प्रदर्शन हुन लागेको हो ।

फिल्मका निर्माता तथा कलाकार बिराज विष्टले सामाजिक सञ्जालमा एक पोष्ट गर्दै फिल्म साउन ३२ देखि फेरि प्रदर्शनमा आउन लागेको जानकारी दिएका हुन् । उनले २०८० सालको पहिलो दिन फिल्म प्रदर्शनमा ल्याइएपनि विभिन्न कारणले प्रदर्शनको दोस्रो दिन फिल्मको प्रदर्शन रोक्नु परेको भन्दै अहिले पुनः प्रदर्शनमा ल्याउन लागेको जनाएका छन् ।

मिडिया, वितरक, हलसंचालकलाई सम्बोधन गर्दै उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'छत्रेश्वरी म्यानेजमेन्ट प्रालीको ब्यानरमा निर्माण भएको हाम्रो फिल्म 'बुलाकी' यसअघि २०८० सालको पहिलो दिन प्रदर्शनमा ल्याएको सर्वविदितै छ । तत्कालीन समयमा उत्पन्न परिस्थितिका बिच हामीले रिलिजको दोस्रो दिनमै चलचित्रको प्रदर्शन स्थगित गर्ने निर्णय गरेका थियौं । दुईदिनको छोटो समयमै पनि दर्शकले दिनुभएको प्रेम, चलचित्रकर्मी तथा हल व्यवसायीहरूले दिनुभएको स्थानप्रति कृतज्ञ छौं ।'

२०८० मा फिल्मलाई प्रदर्शनले कम शो दिएको भन्दै रिलिजको दोस्रो दिन प्रदर्शन स्थगित गरिएको थियो । छत्रेश्वरी म्यानेजमेन्ट प्रालीको ब्यानरमा निर्माण भएको फिल्मका प्रस्तुतिकर्ता स्वर्गीय मोती विष्ट हुन् ।

लक्ष्मण सुनार निर्देशित फिल्ममा सुरक्षा पन्त, बिराज विष्ट, नरेन खड्का लगायतको मुख्य अभिनय रहेको छ । फिल्मले कर्णाली भेगको जारी प्रथा कथावस्तुको रूपमा उठाएको छ । फिल्मका निर्माता टोपेन्द्र विष्ट हुन् ।

# रायनलाई दुर्गाबाबु पाठक स्मृति संगीत पुरस्कार

■ प्रभाव संवाददाता



**काठमाडौं–** सशस्त्र प्रहरी निरीक्षक स्व दुर्गाबाबु पाठकको स्मृतिमा स्थापित 'दुर्गाबाबु पाठक स्मृति संगीत पुरस्कार' कीर्तिपुरस्थित नेपाल एपिएफ स्कुलको कक्षा ८ मा अध्ययरत छात्र रायन घिमिरेलाई प्रदान गरिएको छ । सशस्त्र प्रहरी परिवार महिला सङ्घको २३औं वार्षिकोत्सवको अवसर पारेर आयोजित कार्यक्रममा सङ्घकी उपाध्यक्ष सावित्रा कुमारी जैसीले घिमिरेलाई पुरस्कार प्रदान गरिन् ।

यसअघिका वर्षमा सो पुरस्कार नेपाल एपिएफ स्कुल कीर्तिपुरका छात्र आशिष रोकाया, साइजित पाण्डे, अनिष थापामगर र अर्जुन झालाई प्रदान गरिएको थियो ।

स्व पाठकको स्मृतिमा सिसं ७ सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिमका सहकर्मीद्वारा सामूहिकरूपमा २०७३ सालमा अक्षयकोष स्थापना गरिएको थियो । कोषमा जम्मा भएको रकमको ब्याजबाट हरेक वर्ष सशस्त्र प्रहरी परिवार महिला सङ्घको वार्षिकोत्सवमा सो पुरस्कार नेपाल एपिएफ स्कुलमा अध्ययनरत संगीततर्फ प्रथम हुने छात्र तथा छात्रालाई प्रदान गर्दै आइएको छ ।

स्व पाठकले 'पक्षी र निन्द्रा लाग्दैन' गरी दुई वटा एल्बम बजारमा ल्याएका थिए । गीतसंगीतमा रुचि राख्ने पाठक २०६०/६१ सालमा चितवनमा सम्पन्न सिनर्जी राइजिङ स्टारको उत्कृष्ट १० भित्र पर्न सफल तथा आठौं कालिका म्युजिक अवार्डमा वेष्ट आर्टिष्टको उपाधिसमेत हात पारेका थिए ।

गीत लेख्ने, संगीत दिने र आफैं गाउने क्षमता भएका स्व पाठकको प्रतिभालाई अमर राख्नका लागि उक्त अक्षयकोष स्थापना गरिएको हो । कर्तव्यपालनाको सिलसिलमा २०७२ चैत २८ गते धादिङको मलेखुमा भएको सडक दुर्घटनामा परी उनको निधन भएको थियो ।

# गायक नेपालीलाई दोस्रो डाइमण्ड म्युजिक अवार्ड



■ प्रभाव संवाददाता

**काठमाडौं–** डेढ दशक देखि निरन्तर लोक तथा दोहरी गीतसंगीतको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएकोमा चर्चित गायक राम कुमार नेपालीलाई दोस्रो डाइमण्ड म्युजिक अवार्ड प्रदान गरिएको छ ।

पूर्व प्रधानमन्त्री झलनाथ खनालको प्रमुख आतिथ्यता, सिम्रन दुलालको सभापतित्वमा सम्पन्न दोस्रो डाइमण्ड म्युजिक अवार्ड समारोहमा गायक राम कुमार नेपाली उत्कृष्ट कँठि लोक दोहोरी गायकको अवार्ड हात पार्न सफल भएका हुन् । राजधानीको पर्यटन बोर्डको सभाहलमा भएको अवार्ड कार्यक्रममा बिभिन्न ३५ बिधामा अवार्ड बितरण गरिएको थियो । दीर्घसाधना सम्मानबाट बरिष्ठ लोक गायक कुमार बस्नेतलाई सम्मानित गरिएको थियो ।

अवार्ड कार्यक्रममा अभिनेता धिरेन्द्र शाक्य, पल साह, सागर लम्साल 'बले' चन्द्र शर्मा, रेशम थापा, घमेस दुलाल, हरि बहादुर राउत लगायतका कलाकारको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# 'पुजार सार्की' हङकङमा प्रदर्शन हुँदै




■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता आर्यन सिग्देल, पल शाह, अभिनेत्री परीक्षा लिम्बु र लेखक विकास सुवेदी अहिले हङकङमा छन् । फिल्म 'पुजार सार्की'को प्रदर्शनका लागि उनीहरू त्यहाँ पुगेका छन् । फिल्मको आइतबार आयोजित शो राम्रो भएको लेखक सुवेदीले बताए ।

'हङकङमा 'पुजार सार्की'ले व्यापारमा नयाँ रेकर्ड कायम गरेको छ', सुवेदीले भने ' यसअघि यहाँ प्रायः सामुदायिक हलहरूमा प्रोजेक्टरको प्रयोग गरी फिल्म प्रदर्शन हुँदै आइरहेका रहेछन्, हाम्रो फिल्म भने अत्याधुनिक आइम्याक्स सिनेमा हलमा नै चल्यो ।' यो एउटा एउटा रेकर्ड भएको सुवेदीको भनाई रहेको छ ।

हङकङको व्हाम्पोआ सिनेमा हलको दुई स्क्रिनमा ७ सय भन्दा धेरै दर्शकले फिल्म हेरेका थिए । कलाकारहरूसँग बसेर फिल्म हेर्न पाउँदा दर्शक दंग देखिन्थे । हङकङको लागि वीरेन थापा 'बिरे'ले फिल्म प्रदर्शन अधिकार लिएका छन् ।

नेपालमा छैटौं हप्तामा चलिरहेको 'पुजार सार्की' गत जेठ १० गतेबाट प्रदर्शनमा आएको थियो । दिनेश राउत निर्देशित फिल्ममा आर्यन सिग्देल, प्रदीप खड्का, पल शाह, अञ्जना बराइली, परीक्षा लिम्बु लगायतको मुख्य भूमिका छ ।

## रंगशाला

प्रकाश दाहाल स्मृति बक्सिङ

# प्रधानमन्त्रीद्वारा चौथो बक्सिङ प्रतियोगिताको उद्घाटन

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले 'प्रकाश दाहाल स्मृति चौथो महिला तथा पुरूष खुला राष्ट्रिय बक्सिङ प्रतियोगिता'को उद्घाटन गरेका छन् ।

प्रकाश दाहाल फाउन्डेसन र बक्सिङ महासंघको संयुक्त आयोजना आइतबारदेखि त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सुरु भएको प्रतियोगितामा देशभरका २५० जनाको सहभागीता रहने आयोजकले जनाएको छ ।

प्रतियोगिताको उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले दिवंगत प्रकाश दाहालको जन्मजयन्तिको अवसर पारेर सुरु गरिएको प्रतियोगितामा युवाहरूको उपस्थितिले प्रकाश युवामाझ लोकप्रिय रहेको आफूले महसुस गरेको बताए । उनले प्रतियोगिताको सफलताको शुभकामना व्यक्त गर्दै यस प्रतियोगिताले बक्सिङ खेलमा थप योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

आइतबारदेखि सुरु भएको यस प्रतियोगिता यही असार २१ गतेसम्म सञ्चालन हुनेछ ।

# आरसिबीको ब्याटिङ प्रशिक्षकमा कार्तिक

**काठमाडौं (प्रस)–** भारतीय विकेटकिपर ब्याट्सम्यान दिनेश कार्तिकलाई आइपिएल टिम रोयल च्यालेन्जर्स बैंग्लोर (आरसीबी) ले आफ्नो ब्याटिङ प्रशिक्षक र मेन्टर बनाएको छ ।

आरसीबीले कार्तिकलाई ब्याटिंग कोच र मेन्टर बनाएको जानकारी दिएको हो । कार्तिकले यस सिजनको आइपिएलपछि क्रिकेटका सबै फर्म्याटबाट सन्यासको औपचारिक घोषणा गरेका थिए ।

कार्तिकले भारतबाट खेल्दै २००७ को टी–२० विश्वकप र २०१३ को च्याम्पियन्स ट्रफी जितेका छन् । कार्तिकले भारतका लागि २६ टेस्ट, ९४ एकदिवसीय र ६० टी–२० अन्तर्राष्ट्रिय खेल खेलेका छन् । आईसीसी ट्रफीसँगै कार्तिकले सन् २०१० र २०१८ मा भारतसँग एसिया कप पनि जितेका छन् ।

कार्तिकले भारतका लागि आफ्नो अन्तिम अन्तर ाष्ट्रिय खेल सन् २०२२ मा बंगलादेशविरुद्धको टी–२० विश्वकपमा खेलेका थिए ।

कार्तिक आइपिएलका सबै सिजन खेलेका थोरै खेलाडीमध्ये पर्छन् । उनले आइपिएलमा २५७ खेल खेलेका छन् र २६.३२ को औसतमा ४ हजार ८४२ रन बनाएका छन् । उनले आरसीबी बाहेक कोलकाता नाइट राइडर्स, मुम्बई इन्डियन्स, दिल्ली डेयरडेभिल्स, गुजरात लायन्स र किंग्स इलेभेन पन्जाबबाट पनि आइपीएल खेलेका थिए ।


**Suryodaya Municipality**

**Office of the Municipal Executive**

**Fikkal, Ilam**

**INVITATION FOR BID**

*First date of publication: 2nd of July, 2024 (18th of Asar, 2081)*

1. The Suryodaya Municipality, Office of the Municipal Executive has published the notice related to internal revenue collection as indicated in details of work below. Bidding is open to all eligible Nepalese bidders.

**Details of Supply**

| S. No. | Contract Identification No.: | Name of Project : | Estimated Amount (Excluding VAT and) NRs.: | Bid Security Amount NRs.: | Bid Document Fee NRs.: |
|---|---|---|---|---|---|
| 1 | SUMO/ILAM/NCB/ REVENUE 01-081/082 | Internal Revenue Collection Work From Shree Antu View Tower Entry | 35,00,000.00 | 88,000.00 | 3,000.00 |
| 2 | SUMO/ILAM/NCB/ REVENUE 02-081/082 | Internal Revenue Collection Work From Tea Testing, Promotion and Research Center | 25,00,000.00 | 63,000.00 | 3,000.00 |

2. Eligible bidders can participate in this bidding and may obtain further information and inspect the Bidding Documents through PPMO website www.bolpatra.gov.np/egp. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**



दक्षिणपश्चिम चीनको गुइझोउ प्रान्तको झेन्युआन काउन्टीमा बाढीले सडक हिलाम्मे बनपछि सफा गर्दै प्रहरी। गुइझोउको झेन्युआन काउन्टीका केही भाग शुक्रबारदेखि शनिबारसम्मको भारी वर्षाका कारण आएको बाढीले प्रभावित भएको थियो। *तस्बिरः सिन्ह्वा*

# इजरायलद्वारा गाजाका अस्पताल प्रमुखसहित ५० भन्दा बढी प्यालेस्टिनी बन्दी रिहा

**जेरुसेलम, इजरायल-** इजरायलले गाजाको सबैभन्दा ठूलो अस्पतालको प्रमुखसहित ५० भन्दा बढी बन्दीलाई रिहा गरेको छ। सात महिनाभन्दा लामो समयदेखि हिरासतमा रहेका अस्पतालका निर्देशक मोहम्मद अब् साल्मियासहित दर्जनौं प्यालेस्टिनी कैदीहरू सोमबार उपचारका लागि इजरायली सेनाले घेराबन्दी गरिएको गाजा क्षेत्रमा फर्केका हुन्।

उनको रिहाइको पुष्टि इजरायलका राष्ट्रिय सुरक्षामन्त्री इटामार बेन गवीर र गाजाको एक चिकित्सा स्रोतले सामाजिक सञ्जालमा गरेका छन्। सात महिनाभन्दा बढी हिरासतबाट मुक्त भएपछि उनले सोमबार आफूलाई इजरायलले 'यातना' दिएको बताए।

एक इजरायली मन्त्री र घेराबन्दी गरिएको क्षेत्रका चिकित्सा स्रोतका अनुसार अल-शिफाका अस्पताल निर्देशक साल्मिया ५० भन्दा बढी प्यालेस्टिनीमध्ये रिहा भई उपचारका लागि गाजा फर्किएका हुन्। निर्देशक साल्मियाले आफ्नो नजरबन्दको क्रममा 'गम्भीर यातना' दिइएको बताउँदै यातनाले गर्दा आफ्नो औंला भाँचिएको जानकारी गराए।

कैदीहरूलाई धेरै यातना दिइने बताउँदै 'धेरै कैदीले खाना र औषधिबाट वञ्चित



रहनुपरेको र उनीहरूको मृत्युसमेत हुने गरेको' उनले पत्रकार सम्मेलनमा उल्लेख गरे। दुई महिनासम्म कुनै पनि कैदीलाई दिनको एक रोटीभन्दा बढी खान नदिएको बताउँदै साल्मियाले कैदीलाई शारीरिक र मनोवैज्ञानिक अपमान गरिएको उल्लेख गरे।

इजरायली सेनाले अल-शिफामा छापा मारी साल्मियालगायत सयौंलाई नोभेम्बरमा हिरासतमा लिइएको थियो। अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासको आक्रमणपछि इजरायलले गाजामा जवाफी आक्रमण गर्दा उनले काम गरेको अस्पताल लगातार छापा मारेर भग्नावशेषमा परिणत भएको छ। साल्मिया र अन्य मुक्त कैदीहरू खान युनिसको पूर्वमा इजरायलबाट गाजा फर्किएको देइर अल-बलाहको अल अक्सा अस्पतालको चिकित्सा स्रोतले बताएको छ।

पाँच जनालाई अल-अक्सा अस्पतालमा भर्ना गरिएको छ भने अन्यलाई खान युनुसको अस्पतालमा पठाइएको स्रोतले जनाएको छ। इजरायलले हमासलाई गाजा पट्टीका अस्पतालहरूलाई सैन्य अपरेसन र पूर्वाधारका लागि आवरणको रूपमा प्रयोग गरेको आरोप लगाएको छ भने यस क्षेत्रलाई चलाउँदै आएको हमास समूह र अस्पताल प्रशासनले आरोपको खण्डन गर्दै आएका छन्।

मे महिनामा प्यालेस्टिनी अधिकार समूहले अल-सिफा शल्यचिकित्सकलाई हिरासतमा लिएपछि इजरायली जेलमा मृत्यु भएको बताएका थिए। इजरायली सेनाले मृत्युको बारेमा थाहा नभएको बताएको छ।

युद्ध हमासको अक्टोबर ७ को आक्रमणबाट सुरु भएको थियो जसमा करिब एक हजार २०० व्यक्तिको मृत्यु भएको थियो। हमासको नियन्त्रण क्षेत्र गाजास्थित स्वास्थ्य मन्त्रालयको तथ्यांक अनुसार इजरायलको जवाफी कारबाहीमा हालसम्म अधिकांश नागरिकसहित कम्तीमा ३७ हजार ८७७ जनाको मृत्यु भएको छ। *रासस/एएफपी*

## इरानी राष्ट्रपति निर्वाचनको नतिजालाई मान्यता प्राप्त

**तेहरान-** इरानको संवैधानिक परिषद्ले आइतबार देशको १४औं राष्ट्रपति निर्वाचनको पहिलो चरणको नतिजालाई मान्यता दिएको छ। निर्वाचनको प्रक्रिया र नतिजा हेर्ने संस्था काउन्सिलका प्रवक्ता हादी ताहान नाजिफले सरकारी आइआरआइबी टिभीलाई दिएको एक टेलिभिजन अन्तर्वार्तामा उक्त घोषणा गरेका हुन्।

उनले अनुसन्धान र समीक्षापछि संस्थाले नतिजा पुष्टि गरेको बताए। पहिलो चरणको निर्वाचनमा भाग लिने चार उम्मेदवारमध्ये कसैले पनि उजुरी दिने कानुनी समयावधिमा निर्वाचन परिणाममा कुनै आपत्ति नजनाएको बताउँदै उनले बिहीबार बिहानसम्म वा निर्वाचन सुरु हुनुभन्दा २४ घण्टाअघिसम्म निर्वाचन अभियान सञ्चालन गर्न सकिने जानकारी दिए।

तीन पटकसम्म लम्ब्याइएको मध्यावधि राष्ट्रपतीय निर्वाचनका लागि शुक्रबार बिहानैदेखि सुरु भएको पहिलो चरणको मतदानमा कुनै पनि उम्मेदवारले विजयी घोषणाका लागि आवश्यक पर्ने कूल मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्न सकेका थिएनन्। पहिलो चरणमा पूर्वस्वास्थ्यमन्त्री सुधारवादी मसूद पेजेस्कियानले ४२ प्रतिशतभन्दा बढी मत प्राप्त गरेका थिए भने तेहरान र विश्व शक्तिराष्ट्रबीचको आणविक वार्ताका पूर्वप्रमुख वार्ताकार सइद जलिलीले ३८ प्रतिशतभन्दा बढी मत प्राप्त गरेका थिए।

त्यसैगरी, सभामुखबाट राष्ट्रपतीय निर्वाचनमा उम्मेदवारी दिनुभएका मोहम्मद बघेर गालिबाफले १३.८ प्रतिशत मत प्राप्त गरेका थिए भने अर्का उम्मेदवार मुस्तफा पौरमोहम्मदीले एक प्रतिशतभन्दा कम मत प्राप्त गरेका थिए।

जुलाई ५ मा हुने दोस्रो चरणको प्रतिस्पर्धामा पहिलो चरणमा बढी मत ल्याएका दुई प्रतिस्पर्धी पेजेस्कियान र जलिलीबीच प्रतिस्पर्धा हुने छ। सन् २०२५ का लागि तय भएको राष्ट्रपतीय निर्वाचन इरानका पूर्वराष्ट्रपति इब्राहिम राइसीको मे १९ मा हेलिकप्टर दुर्घटनामा अप्रत्यासित निधन भएपछि सारिएको थियो। *रासस/एएफपी*

## 'ग्लोबल इन्डिया एआई' शिखर सम्मेलन आयोजना गर्दै भारत

**नयाँदिल्ली (भारत)-** भारतले आगामी जुलाई ३ र ४ मा नयाँदिल्लीमा इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालयको तत्त्वावधानमा 'ग्लोबल इन्डिया एआई' शिखर सम्मेलन २०२४ आयोजना गर्दै छ।

इलेक्ट्रोनिक्स र आइटी मन्त्रालयको प्रेस विज्ञप्तिअनुसार, शिखर सम्मेलनको उद्देश्य अन्तर्राष्ट्रिय एआई विशेषज्ञबीच सहयोग र ज्ञान आदानप्रदानलाई बढावा दिने, नैतिक र समावेशी एआई विकासमा भारतको समर्पणलाई सुदृढ पार्नु हो।

ग्लोबल इन्डिया एआई शिखर सम्मेलन २०२४ ले विज्ञान, उद्योग, नागरिक समाज, सरकार, अन्तर्राष्ट्रिय संगठन र शिक्षाविद्लगायत विभिन्न क्षेत्रका हितग्राहीका लागि महत्त्वपूर्ण मञ्चको रूपमा काम गर्ने छ। सम्मेलनले प्रमुख एआई मुद्दाहरू छलफल गर्न, अन्तरदृष्टि साझा गर्न र एआई इकोसिस्टमले सामना गर्ने चुनौतीलाई सम्बोधन गर्ने छ।

शिखर सम्मेलनको आयोजनाबाट भारतले सुरक्षित समाजका लागि फाइदाजनक उन्नत प्रविधिमा ध्यान केन्द्रित गर्दै विश्वव्यापी एआई



समुदायमा एक सक्रिय खेलाडीको रूपमा आफ्नो भूमिकालाई पुनः पुष्टि गरिरहेको छ। आर्टिफिसियल इन्टेलिजेन्स (जिपिएआई) मा ग्लोबल पार्टनरसिपको प्रमुख अध्यक्षको रूपमा भारतले विश्वसनीय एआई अभ्यासहरूमा जिपिएआईको प्रतिबद्धतालाई अगाडि बढाउन सदस्य देशहरू र विशेषज्ञहरूको आयोजना गर्न तयार छ।

शिखर सम्मेलनको उद्देश्य एआई डोमेनमा नेतृत्व गर्ने भारतको क्षमता प्रदर्शन गर्नु हो र एआई लाभमा सबैको पहुँच सुनिश्चित गर्ने देशको लक्ष्यलाई जोड दिई राष्ट्रको सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याउनु हो। *रासस/एएनआई*


बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, मोरङ, नेपाल

जनहितमा जारी सन्देश

उद्योग तथा व्यवसायका लागि

- विक्रेताले विक्री वितरण हुने समानको मूल्यसूचि स्पष्ट रूपमा देखिने गरी विक्री कक्षमा राख्नु पर्नेछ।
- नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने।
- आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने।
- नापतौल तथा नाप्ने तौलने यन्त्रहरू विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने।
- खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
- नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
- होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनाशक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नु पर्ने छ।
- किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनु पर्नेछ।
- विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने।
- खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ।
- खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ।
- बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं।
- मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ।
- पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
- तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
- स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
- ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
- दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरू पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन र विक्री वितरण गरौं।
- उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्ने गरी राख्नु पर्नेछ।


वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएमा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।



गोङ्गबुँसिद्धि बचत तथा ऋण सहकारी संस्था लि. साँवा ब्याज चुक्ता गर्न आउने बारेको ७ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०१/२६ गते
दोस्रो पटक प्रकाशित मिति : २०८१/०३/०३ गते
तेस्रो पटक प्रकाशित मिति : २०८१/०३/१८ गते

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरूले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना लगायत अन्य दस्तुर आदि नतिरी सहकारीसँग गरेको कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रूपमा तारताकेता गरेको र सो गर्दा समेत सहकारीको साँवा, ब्याज, हर्जना चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले निम्न ऋणीहरूको नाममा मिति २०८१/०१/२६ गतेका दिन प्रभाव दैनिक पत्रिकामा साँवा, ब्याज, हर्जाना चुक्ता गर्न अत्यन्त जरूरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणमा लेखिदिएको कुनै किसिमको कानुनी झै-झमेला नभएको, नियमावली तथा सहकारीको कर्जा नीति र नियम बमोजिम धितो लिलामको सूचना प्रकाशित गरीने भएकोले तोकिएको समयभित्र संस्थामा उपस्थित भै साँवा, ब्याज, हर्जना चुक्ता गर्न हुन अनुरोध गरिन्छ। अन्यथा तपाईलाई सहकारी ऐन अनुसार कालो सुचिमा राखिने व्यहोरा र तपाईको अन्य सम्पत्ति रोक्का राखिने व्यहोरा समेत अवगत गराउँदछौं।

| ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवरण | | धितो सुरक्षण विवरण |
|---|---|---|
| १. **कर्जाको शिर्षक**: व्यवसायिक कर्जा<br>**ऋणीको नाम**: श्याम शरण नगरकोटी<br>**बाबुको नाम**: बल बहादुर नगरकोटी<br>**बाजेको नाम**: चन्द्र बहादुर नगरकोटी<br>**ठेगाना**: इचंगुनारायण-८, काठमाडौं |  | १. काठमाडौं जिल्ला, ईचंगुनारायण, वडा नं. ८ स्थित श्याम शरण नगरकोटीको नाममा रहेको कित्ता नं. ९४ को क्षेत्रफल १२७.१६ व.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत) |
| २. **कर्जाको शिर्षक** : व्यवसायिक कर्जा<br>**ऋणीको नाम**: राम शरण नगरकोटी<br>**बाबुको नाम**: राज बहादुर नगरकोटी<br>**बाजेको नाम**: बल बहादुर नगरकोटी<br>**ठेगाना**: इचंगुनारायण-८, काठमाडौं |  | २. काठमाडौं जिल्ला, ईचंगुनारायण, वडा नं.८ स्थित श्याम शरण नगरकोटीको नाममा रहेको कित्ता नं.९० को क्षेत्रफल ९५.३७ व.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत) |

**नोट** : यस संस्थाबाट कर्जा लिएर समय-समयमा व्याज र किस्ता नबुझाएका ऋणी सदस्यहरू सबैलाई संस्थामा सम्पर्क गरी आफुले बुझाउनु पर्ने साँवा व्याज नियमित गर्न हुन अनुरोध गरिन्छ। अन्यथा यसैगरी पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी आवश्यक कानूनी कारवाही अगाडि बढाइनेछ।

गोङ्गबुँसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
टोखा न.पा. वडा नं.९, गोङ्गबुँ, सिद्धिटोल
फोन नं.: ०१४९५५९५७, ९८५१३३७८५७



साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTAURANT INNOVATIVE OPTIONS TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति: २०८१/०२/१७ | LT. No. 307016 | चलानी नं. ६०२२१७६१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Food and beverage counter server | 3 | 0 | 1200 | ४२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १२०८/०७३/०७४

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com



वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४२००० | प्रति तोला - १४१३०० | प्रति तोला - १७९० |




## कर्पोरेट

### एनआइसी एसिया बैंकको मास्टर कार्ड लञ्च




**काठमाडौं (प्रस)**– एनआइसी एसिया बैंकले मास्टरकार्ड लञ्च गरेको छ। आइतबार पोखरामा एक कार्यक्रम गर्दै एनआइसीले मास्टरकार्डसँग सहकार्य गरिएको जनाएको हो।

बैंकको पस टर्मिनल र एटीएममा अब मास्टर डेबिट तथा क्रेडिट कार्डको प्रयोग गर्न सकिने भएको छ। अन्तर्राष्ट्रिय कार्ड सेवा प्रदायक कम्पनी मास्टरकार्डसँगको सहकार्यपछि सो सुविधा थपिएको हो। भारतका प्रतिनिधि आस्था प्रियादर्शीले बैंकका गण्डकी प्रमुख दीपेन्द्र शर्मालाई हस्तान्तरण गर्दै बैंकले मास्टरकार्डलाई औपचारिक प्रगोगमा ल्याएको हो। एनआइसीले जारी गर्ने मास्टर डेबिट कार्डलाई नेपाल, भारत र भुटानमा प्रयोग गर्न सकिन्छ।

शर्माले एनआइसी एसिया बैंक र मास्टकार्डको सहकार्यमा नेपालमा लञ्च गरिएको बताए। 'यो ग्लोबल ब्रान्ड हो। हामीले पहिला भिसा कार्ड जारी गर्थ्यौं, अब हामीले मास्टरकार्ड पनि जारी गर्छौं। यसले हाम्रा ग्राहकहरूलाई नयाँ सेवा दिएका छौं, यसले डिजिटल बैंकिङ कारोबार अझ राम्रो, सुरक्षित सुविधायुक्त हुनेछ,' उनले भने।

पर्यटन प्रवर्द्धनका लागि मास्टरकार्ड पोखराबाट लञ्च गरिएको उनले बताए। यसले पोखराको पर्यटन थप विदेशी पर्यटकमाझ पुग्ने बैंकले विश्वास लिएको छ। 'पोखरालाई हामीले किन रोज्यौं भने यो पर्यटकीय हब हो। पोखरा पर्यटकीय राजधानी र यहाँ पर्यटकको चहलपहल हुने गर्छ। यहाँ मास्टरकार्ड लञ्च गर्दा विदेशी पर्यटकहरूलाई पनि जानकारी हुने, मास्टरकार्डका कारणले पोखरा पनि अन्तर्राष्ट्रिय रूपमा चिनिन्छ र पर्यटनमा पनि प्रभाव पर्छ भन्ने हामीलाई लागेको छ,' उनले भने।

### ग्लोबल आइएमईका २३३ शाखामा वित्तीय साक्षरता




**काठमाडौं (प्रस)**– ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकका २३३ वटा शाखा कार्यालयमार्फत एकसाथ वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत वित्तीय पहुँचबाट बाहिर रहेका विभिन्न लक्षित वर्गहरू पहिचान गरी वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको हो।

बैंकले सातवटै प्रदेशअन्तर्गत आयोजना गरेका कार्यक्रमहरूमा ३५ हजार भन्दा बढी कृषक, लघु, साना तथा मझौला उद्यमीहरू, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरू, विद्यार्थी, महिला, विप्रेषण प्रापक तथा स्थानीय युवा-युवतीहरूको सहभागिता रहेको थियो। बैंकको कोशी प्रदेशमा आयोजना गरेको कार्यक्रममा ३,५००, मधेशमा २,२००, बागमतीमा १५,०००, गण्डकीमा ५,५००, लुम्बिनीमा ६,०००, कर्णालीमा ५०० र सुदूरपश्चिममा २,५०० भन्दा बढि लक्षित वर्गको सहभागिता रहेको थियो।

ग्लोबल आइएमई बैंकले चालु आर्थिक वर्ष २०८०/८१ मा मुलुकका ७७ जिल्लामा रहेका आफ्ना शाखाहरूमार्फत वित्तीय साक्षरता तथा डिजिटल बैंकिंग प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। कार्यक्रममा बचत, कर्जा, रेमिट्यान्स, डिजिटल बैंकिंग, बीमा, लगानी, अतिरिक्त बैंकिङ सेवाहरू, वित्तीय ठगी र वित्तीय अनुशासनसम्बन्धी विषयवस्तुमा जानकारी गराइएको छ।

### सैपाल हिमालको काखमा टेलिकमको सेवा

**काठमाडौं (प्रस)**– नेपाल टेलिकमले हुम्ला, बाजुरा र बझाङको सीमा क्षेत्रमा पर्ने सैपाल हिमालको काखमा अवस्थित रानीसैनमा गत असार ९ देखि टेलिफोन सेवा सञ्चालनमा ल्याएको छ। हुम्लाको नाम्खा गाउँपालिका वडा नम्बर ३ मा अवस्थित रानीसैनमा कम्पनीले भीस्याट प्रविधिबाट सेवा सञ्चालन गरेको हो।

बाजुरा सदरमुकाम मार्तडी देखि गाडीमा एक दिन र त्यसपछि करिब चार दिन हिँडेर तथा हुम्ला सदरमुकाम सिमकोट देखि गाडीमा तीन, चार घण्टा र एक दिन पैदल हिँडेर मात्र यो स्थानमा पुग्न सकिने स्थानीय बासिन्दा सोनाम लामाले बताए। योभन्दा पहिले करिब २० किलोमिटर तल लाम्पाटा र माथि ५ हजार ५ सय मिटर उचाइको साके पुगेर मात्र मोबाइल सेवामार्फत सम्पर्क गर्न सकिने अवस्था थियो। अब भने यहाँका करिब ६ सय बासिन्दाले सहज तरिकाले आफन्तसँग टेलिफोन गर्न



सक्ने उनले बताए।

सैपाल हिमालको काखमा अवस्थित नाम्खा, रानीसैन खासगरी चरिचरण क्षेत्र हो। यहाँ ६ महिना भन्दा बढी हिउँ पर्ने भएकाले अन्य समयमा मानिसको बसोबास हुँदैन। करिब ३ हजार ६ सय मिटरको उचाइमा अवस्थित सो क्षेत्रमा सेवा सञ्चालन भए पश्चात् त्यहाँ बसोबास गर्ने हुम्ला र बाजुरा दुवै क्षेत्रका बासिन्दा लाभान्वित हुनेछन्।

भीस्याट सेवा सञ्चालनका लागि आवश्यक उपकरण हुम्लाको ताँजाकोट जिमाना देखि करिब चार दिन सम्म मानिसले बोकेर रानीसैन पुर्‍याएका थिए। दुर्गम तथा अति विकट क्षेत्रका ग्रामीण तहसम्म दूरसञ्चार सेवाको पहुँच विस्तार गर्ने सरकारको नीतिअनुसार कम्पनीले सो क्षेत्रमा सेवा विस्तार गरेको हो।

### २२ सिट क्षमताको विद्युतीय लक्जरी बस ल्याइँदै

**काठमाडौं (प्रस)**– शशिला मोटर्स प्रा.लि.ले भान्चे ब्राण्डको २२ सिट क्षमताको नयाँ विद्युतीय यात्रुबाहक बस नेपाल भित्र्याउने भएको छ।



एक पटकको फुलचार्जमा ३ सय किलोमिटर गुड्ने योबसमा४ सय एनएमको टर्क र १ सय ४० किलोवाटको पिक पावर रहने कम्पनीले बताएको छ। १ सय २३ किलोवाटको ब्याट्री जडान हुने यो बसमा पूर्ण रूपमा एयर कन्डिसन र सबैखाले सेफ्टी फिचर उपलब्ध हुनेछ भने लम्बाइ २५ फिट हुनेछ। फराकिला सिट र पर्याप्त खाली ठाउँ हुने भएकाले लामो तथा छोटो दुरीमा सञ्चालन गर्न यो बस यात्रुमैत्री हुने शशिला मोटर्स प्रा.लि.का प्रबन्ध निर्देशक सन्तोष खतिवडाले बताएका छन्।

१ सय २३ किलोवाटको ब्याट्री क्षमताको विद्युतीय गाडी नेपालमै पहिलो पटक ल्याउन लागिएको खतिवडाको दावी छ। उनले बस आइपुग्नुभन्दा पहिले आवश्यक पार्टपुर्जा र सर्भिसिङ तथा मर्मत सबैको व्यवस्था मिलाइने र बस संचालकलाई बिना झन्झट सेवा दिने पनि जनाए। दशैंलाई लक्षित गरि ल्याउन लागिएको उक्त बसको बुकिङ भने खुला भईसकेको छ।

## निगमको गरिमा रक्षा गर्न पर्यटनमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं**– संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री हितबहादुर तामाङले राष्ट्रिय ध्वजाबाहक वायुसेवा निगमको गरिमा सबैले रक्षा गर्नुपर्ने बताएका छन्।

निगमको ६६औं वार्षिकोत्सवको अवसरमा आइतबार आयोजित कार्यक्रममा बोल्दै उनले विभिन्न आरोह अवरोहकाबीच राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उडानमा अलग्गै पहिचान बनाउन सफल निगमको गरिमामाथि आँच पुर्‍याउन नहुनेमा जोड दिए।

पर्यटनमन्त्री तामाङले भने, 'वायुसेवा निगम लामो इतिहास पार गर्दै आज ६७औं वर्षमा प्रवेश गर्दैछ। यसले इतिहासको लामो कालखण्डमा विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो अलग्गै पहिचान बनाउन सफल भएको छ। अझै यसको अभिवृद्धि गर्न ठोस् योजना बनाउन आवश्यक छ।'

वार्षिकोत्सवको अवसरमा प्रभातफेरी गरिएको थियो। निगमको नयाँ सडकस्थित केन्द्रीय कार्यालयबाट सुरु भएको प्रभातफेरी नयाँ सडक, बसन्तपुर, आकाशभैरव, घण्टाघर, भद्रकाली, सुन्धारा हुँदै पुनः केन्द्रीय कार्यालयमा पुगेर समापन गरिएको थियो। विसं २०१५ असार १७ गते शाही नेपाल वायुसेवा निगमका रूपमा स्थापित निगम नेपालको सबैभन्दा पुरानो विमान सेवा प्रदायक हो।

निगमले हाल काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रियतर्फ नयाँदिल्ली, बेङ्लोर र मुम्बई तथा हङकङ, मलेसिया, थाइल्याण्ड, जापानको नारिता, कतारको दोहा,



युनाइटेड अरब इमिरेट्सको दुबई र साउदी अरबको रियादमा उडान भर्दै आएको छ। निगमले दुई थान वाइड बडी 'ए' ३३० र दुई थान न्यारोबडी ए३२० सिरिजका विमानमार्फत अन्तर्राष्ट्रिय उडान गरिरहेको छ। आन्तरिकतर्फ दुर्गम भेगका २२ भन्दा बढी गन्तव्यमा निगमले सेवा दिइरहेको छ।

डगलस डिसी-३ 'डकोटा' विमानबाट आन्तरिक र भारतका केही गन्तव्यमा उडान सुरु गरेको निगमले विसं २०२८ मा आफ्नो पहिलो जेट विमान, बोइङ ७२७ लाई सेवामा ल्याएको थियो। २०७७ असार २९ सम्ममा निगमको कूल सात विमान सेवामा प्रयोग गरिएको छ। निगमले विसं २०१७ मा पिलाटस पोर्टर र २०१९ मा १२ यात्रु क्षमता भएको चिनियाँ फेङ सोउ-२ हार्वेस्टर विमानलाई प्रयोगमा ल्याएपश्चात् देशका दुर्गम क्षेत्रलाई विमान सेवा सञ्जालमा जोडिएको थियो।

## लगानी सहजीकरणसम्बन्धी ऐन संशोधन गर्ने विधेयक पारित

■ प्रभाव संवाददाता

**काठमाडौं**– प्रतिनिधिसभाको आइतबारको बैठकले 'लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' पारित गरेको छ। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले प्रस्तुत गरेको उक्त विधेयक बहुमतले पारित गरिएको हो।

सरकारले गत वैशाख १६ र १७ गते तेस्रो लगानी सम्मेलन आयोजना गरेको थियो। सरकारले लगानीसम्बन्धी नीतिगत सुधार गरेको तथा कानुन परिमार्जन गरेको प्रत्याभूति दिलाउन सम्मेलनलाई लक्षित गर्दै अध्यादेशमार्फत् विधेयक ल्याएको थियो।

विधेयकमार्फत स्टार्टअप उद्योगको दर्ता, विदेशी लगानी तथा प्रविधि हस्तान्तरणमा स्पष्टता, उद्योग सञ्चालनको म्याद थपसम्बन्धी व्यवस्था, करारमा वस्तु उत्पादन गर्ने विषयलगायत व्यवस्थालाई संशोधन र परिमार्जन गर्न खोजिएको छ। यस्तै विशेष आर्थिक क्षेत्रका उद्योगले पाउने सहुलियत वृद्धि, वन क्षेत्रमा प्राथमिकता प्राप्त उद्योग स्थापना गर्न सहज बनाउने विषय विधेयकमा राखिएका छन्। सरकारको स्वीकृति लिइ खरिद गरेको हदबन्दीभन्दा बढी जग्गाको ५० प्रतिशतसम्म उद्योगको क्षमता वृद्धिका लागि धितो राख्न पाउने व्यवस्था विधेयकमा छ।

लगानीको वातावरणलाई थप सहज बनाउन भन्दै सरकारले यो विधेयकमार्फत औद्योगिक व्यवसाय ऐन २०७६, भूमिसम्बन्धी ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, जग्गा प्राप्ति ऐन २०३४, विशेष आर्थिक क्षेत्र ऐन २०७३, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ र वन ऐन, २०७६ मा संशोधन गर्न लागेको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकले 'जलस्रोत विधेयक २०८० माथि विचार गरियोस्' भन्ने प्रस्ताव पनि बहुमतले स्वीकृत गरेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले उक्त प्रस्ताव प्रतिनिधिसभामा प्रस्तुत गरेका थिए।

यस्तै अर्थमन्त्री वर्षमान पुनले पेस गरेको 'बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८० लाई समितिमा पठाइयोस्' भन्ने प्रस्ताव पनि प्रतिनिधिसभाको बैठकले बहुमतले स्वीकृत गरेको छ।

## नेप्से परिसूचकमा दोहोरो अंकको वृद्धि




■ प्रभाव संवाददाता

**काठमाडौं**– धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार भने दोहोरो अंकले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १६ दशमलव २९ अंकले उकालो लागेर दुई हजार ५३ दशमलव ३८ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव शुन्य एक अंकले उकालो लागेर तीन सय ६१ दशमलव ७७ मा पुगेको छ। कूल ७१ लाख ६५ हजार सात सय ३५ कित्ता शेयर रु दुई अब ९९ करोड ९९ दलाख ६५ हजार २१ मूल्यमा खरिद बिक्री भएको छ।

नेप्सेका अनुसार हिमालयन ऊर्जा विकास कम्पनी नौ दशमलव ७४, दोर्दी खोला जलविद्युत् कम्पनी आठ दशमलव ४७, कर्पोरेट डेभलपमेन्ट बैंक सात दशमलव ५२, हिमालयन बैंकको ऋणपत्र सात दशमलव ४८ र सानिमा बैंकको ऋणपत्रका लगानीकर्ताले सात दशमलव शुन्य सात प्रतिशतले कमाएका छन्।

नेपाल फाइनान्स १०, मैलुङ खोला जलविद्युत् कम्पनी आठ दशमलव ४४, स्वाभिमान लघुवित्त तीन दशमलव ९७, कुमारी सबल योजना तीन दशमलव ६० र मनकामना स्मार्ट लघुवित्तका लगानीकर्ताले तीन दशमलव ४३ प्रतिशतले गुमाएका छन्।

**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं।**

डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भू-क्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**दिगो विकासका लागि के गर्न सक्छौं ?**

१. लाष्टिकको प्रयोग कम गरौं।
२. आफ्नो वरिपरिको बाँझो जग्गामा वृक्षारोपण गरौं।
३. विद्युतीय सामग्रीहरू जस्तै ईलेक्ट्रिक चुल्हो आदि प्रयोग गरौं।
४. स्थानीय उत्पादनको प्रयोगलाई प्राथमिकता दिऔं।
५. खाना खेर नफालौं।
६. शाकाहारी भोजनलाई प्राथमिकता दिऔं।
७. उर्जामैत्री उपकरणहरूको प्रयोग गरौं।
८. सार्वजनिक यातायातको प्रयोग गरौं।
९. जलवायु परिवर्तन सम्बन्धी जनचेतना फैलाऔं।
१०. समाजमा विद्यमान विभेदहरूको बारेमा आवाज उठाऔं।
११. निजी वनको विकास गरी खालि जग्गामा वृक्षारोपण गरौं।
१२. वातावरण स्वच्छ र सफा राख्न स्थानीयस्तरमा जनचेतना अभिवृद्धि गरौं।

साथै यस डिभिजन वन कार्यालय तथा सव डिभिजन वन कार्यालयहरूबाट असारको दोश्रो हप्ता सम्म वृक्षारोपणका लागि उपयुक्त प्रजातिका काष्ठ, डालेघाँस तथा सौन्दर्यपरक विरूवाहरु निशुल्क रूपमा वितरण भईरहको हुदाँ इच्छुक निजी वनधनि, कृषक, सामुदायिक वन उपभोक्ता समुहरू, सहकारी संस्था लगायत सम्पुर्ण सरकारी एवं गैरसरकारी संस्थाहरूले वृक्षारोपण कार्यका लागि स्थानिय हावापानी सुहाउँदो विरूवाहरू आवश्यक परेमा नजिकको सव डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयमा सम्पर्क गर्नुहुन सम्पुर्ण सरोकारवाला निकायहरूलाई आव्हान गर्दछ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, धन्चे, रसुवा

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ